सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८३/०६/०२

गृह मन्त्रालयले तयार गरेको "जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" को सम्बन्धमा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सर्वसाधारणको रायको लागि प्रकाशन गर्ने व्यवस्था गरिएको हुँदा सो प्रयोजनका लागि उक्त विधेयकको मस्यौदा उपर कुनै राय/सुझाव भए यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र देहायको ढाँचामा legalsectionmoha@gmail.com मा इमेल गरी राय/सुझाव उपलब्ध गराइदिनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०८३/०६/०२ को निर्णयानुसार सम्पूर्णमा यो सूचना जारी गरिएको छ।

देहायः

राय/सुझावको ढाँचाः

क.सं.	मस्यौदा विधेयकको दफा/उपदफा	मस्यौदा विधेयकको व्यवस्था	राय/सुझाव	पुष्टयाई

जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावनाः सार्वजनिक हितको लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्ने कार्यलाई सहज, सरल तथा व्यवस्थित गर्न, जग्गा प्राप्त गर्दा दिइने क्षतिपूर्ति, पुनर्स्थापना वा पुनर्वासको आधार तथा कार्यविधि निर्धारण गरी सर्वसाधारणको हित तथा सुविधा कायम राख्न जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

1. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जग्गा प्राप्ति ऐन, २०८२" रहेको छ।

   (२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिन देखि प्रारम्भ हुनेछ।

2. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

   (क) "आयोजना" भन्नाले सर्वसाधारणले प्रयोग गर्ने वा लाभ लिन सक्ने गरी कार्यान्वयन हुने सार्वजनिक हितको काम वा कार्यक्रम सम्झनु पर्छ।

   (ख) "आयोजना कार्यालय" भन्नाले आयोजना तर्जुमा, व्यवस्थापन वा कार्यान्वयन गर्ने जिम्मेवारी भएको कुनै सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी कार्यालय सम्झनु पर्छ र सो शब्दले आयोजना प्रमुखको कार्यालय वा आयोजना कार्यान्वयन गर्ने सार्वजनिक संस्थाले बेग्लै आयोजना कार्यालय स्थापना नगरेकोमा त्यस्तो संस्थाको कार्यालयलाई समेत जनाउँछ।

   (ग) "आयोजना प्रमुख" भन्नाले आयोजना कार्यालयको प्रमुखको रुपमा नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले आयोजना तर्जुमा, व्यवस्थापन वा कार्यान्वयन गर्ने जिम्मेवारी भएको अधिकृतलाई समेत जनाउँछ।

   (घ) "आयोजना प्रभावित परिवार" भन्नाले आयोजनाको निर्माण, सञ्चालन वा कार्यान्वयनको कारणले आफ्नो बसोबास रहेको घर जग्गा, खेतीयोग्य जग्गा वा अन्य सम्पत्ति वा जीविकोपार्जनको साधन स्रोत पूर्ण वा आंशिक रुपमा गुमाउने परिवार सम्झनु पर्छ।

   (ङ) "आयोजना प्रभावित क्षेत्र" भन्नाले आयोजना निर्माण, सञ्चालन वा कार्यान्वयनको सिलसिलामा आयोजनाको काम कारबाहीबाट प्रभावित भएको वा प्रभावित हुन सक्ने क्षेत्र सम्झनु पर्छ र सो शब्दले आयोजना निर्माण, सञ्चालन वा कार्यान्वयनको लागि जग्गा प्राप्ति गरिएको क्षेत्रलाई समेत जनाउँछ।

   (च) "खेतीयोग्य जग्गा" भन्नाले सरकारी वा सार्वजनिक वा सामुदायिक जग्गा वा वन क्षेत्र बाहेक कुनै व्यक्तिको हक, भोग र स्वामित्वमा रही कृषि बाली उत्पादन, पशुपालन, पन्छीपालन, माछापालन, माहुरीपालन, फार्महाउस वा रेशम खेती लगायतका कृषि जन्य उत्पादन, बागवानी, घाँस खेती, चिया बगान वा जडीबुटी उत्पादन, कृषि वन वा वनबाटिकाको प्रयोजनको लागि उपयोग भएको वा हुन सक्ने जग्गालाई जनाउँछ।

(छ) “जग्गा” भन्नाले कसैको हकभोगमा रहेको जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा स्थायी रूपले रहेको घर, छाप्रो, टहरा, पर्खाल, रुख वा स्थायी रूपले जडान भएको अन्य जुनसुकै वस्तुलाई समेत जनाउँछ।

(ज) “जग्गा प्राप्ति” भन्नाले नेपाल सरकारले यस ऐन बमोजिम कसैको जग्गा स्थायी, अस्थायी वा अन्य कुनै तरिकाले प्राप्त गर्ने, अधिग्रहण गर्ने वा त्यस्तो जग्गा अन्य कुनै तरिकाले नियन्त्रण गर्ने वा सो उपर कुनै अधिकार सिर्जना गर्ने कार्य सम्झनु पर्छ।

(झ) “पुनरावलोकन समिति” भन्नाले दफा ६३ बमोजिमको क्षतिपूर्ति पुनरावलोकन समिति सम्झनु पर्छ।

(ञ) “पूर्वाधार संरचना” भन्नाले औद्योगिक क्षेत्र, औद्योगिक पूर्वाधार, जलविद्युत वा उर्जा उत्पादन, प्रसारण वा वितरण, सडक, पुल, सुरुङमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्ग, दूरसञ्चार टावर वा लाइन, बन्दरगाह, विमानस्थल, बस पार्क, केबुलकार मार्ग, ट्रलिबस संरचना, परिवहन बिसौनी स्थल, सार्वजनिक खानेपानी संरचना तथा त्यसको वितरण वा प्रशोधन स्थल, अस्पताल, सार्वजनिक नहर वा सिँचाई, पार्क, खुला क्षेत्र, बाँध, ढल निकास, फोहोरमैला प्रशोधन वा व्यवस्थापन प्लाण्ट वा स्थान, सार्वजनिक शैक्षिक संस्था, रङ्गशाला, सार्वजनिक सभाहल वा प्रदर्शनी स्थल, सरकारी संरचना, सार्वजनिक पुस्तकालय, सार्वजनिक शीत भण्डार वा गोदाम घर र यस्तै प्रकृतिका अन्य भौतिक संरचना सम्झनु पर्छ र सो शब्दले त्यस्ता संरचनाको सञ्चालन वा व्यवस्थापनका लागि संलग्न मानव स्रोतको कार्यालय, भवन, आवासगृह, छात्राबास तथा सोको लागि आवश्यक अन्य संरचनालाई समेत जनाउँछ।

(ट) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ठ) “मन्त्रालय” भन्नाले आयोजनासँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ड) “समिति” भन्नाले दफा ५१ बमोजिमको क्षतिपूर्ति निर्धारण समिति सम्झनु पर्छ।

(ढ) “सरोकारवाला व्यक्ति” भन्नाले देहायको व्यक्ति सम्झनु पर्छः-

(1) सम्बन्धित जग्गाधनी,

(2) यस ऐन अन्तर्गत दिइने क्षतिपूर्तिमा कानून बमोजिम हक दाबी गर्न सक्ने अधिकार भएको व्यक्ति,

(3) मोही भएको जग्गा भए कानून बमोजिम मोहीयानी हक प्राप्त गरेको व्यक्ति,

(4) कानून बमोजिम जग्गाको जग्गाधनी प्रमाण पूर्जा प्राप्त नगरेको वा स्वामित्व कायम नभएको भए तापनि गाउँ ब्लक वा बहाल बिटौरी वा यस्तै अन्य किसिमका आधारमा व्यक्ति वा समूहका नाममा नाप जाँच भई बसोबास गर्दै आइरहेको वा जग्गा भोग चलन गरिरहेको व्यक्ति, वा

(5) देहायका व्यक्ति बाहेक यस ऐन बमोजिम गरिएको प्रारम्भिक कारबाही वा जग्गा प्राप्त गरिएको कारणबाट प्रभावित व्यक्तिः-

(क) जग्गामा आर्थिक, वित्तीय, व्यापारिक वा यस्तै प्रकृतिको अन्य कुनै लगानी नगरी सामान्यतः बसोबास प्रयोजनको लागि वा अन्य सामान्य व्यापार वा व्यवसायका लागि बहाल तिरी बसोबास गरिरहेको व्यक्ति,

(ख) यस ऐन बमोजिम जग्गा प्राप्ति सम्बन्धमा दफा १७ को उपदफा (१) बमोजिम सूचना प्रकाशन वा टाँस भएपछि सो जग्गामा दफा १८ को उपदफा (३) बमोजिम हक प्राप्त गर्ने बाहेक अन्य तरिकाले हक प्राप्त गर्ने वा भोग चलन गर्ने व्यक्ति, वा

(ग) जुनसुकै तबरबाट सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा वा सार्वजनिक गुठी जग्गा अनाधिकृत रुपमा कब्जा गरी भोग चलन गर्ने व्यक्ति।

(ण) "सार्वजनिक संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो संस्थाको पूर्ण वा अधिकांश स्वामित्व रहेको सङ्गठित संस्थालाई समेत जनाउँछ।

(त) "सार्वजनिक हित" भन्नाले सर्वसाधारणको हित, कल्याण, सुविधा, भलाई, लाभ, आवश्यकता वा उपयोगको लागि हुने कुनै कार्य सम्झनु पर्छ र सो शब्दले देहायका कार्यलाई समेत जनाउँछः-

(1) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थाले आफ्नो वा अन्य कसैको पूर्ण वा आंशिक लागत वा व्यवस्थापनमा आयोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्ने,

(2) उपखण्ड (१) मा लेखिए देखि बाहेक सार्वजनिक प्रकृतिको अन्य कुनै आयोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्ने,

(3) कुनै पूर्वाधार संरचना वा आयोजनाको लागि जग्गा प्राप्ति गरिएकोमा त्यसको कारणले विस्थापित भई आफ्नो सबै सम्पत्ति, आय-आर्जनको स्रोत वा जीविकोपार्जनको साधन पूर्ण वा आंशिक रुपमा गुमाएका परिवारलाई बसोबास गराउनका निमित्त जग्गा प्राप्ति गर्ने,

(4) पूर्वाधार संरचनाको निर्माण, विकास, मर्मत, विस्तार वा पुनर्निर्माणको निमित्त जग्गा प्राप्ति गर्ने, विपद् व्यवस्थापन गर्न वा विपद्को कारणबाट प्रभावित भई आफ्नो सम्पूर्ण घर जग्गा गुमाएका र आर्थिक रुपले विपन्न परिवारलाई बसोबास गराउन जग्गा प्राप्ति गर्ने,

(5) कुनै सरकारी वा सार्वजनिक संस्थाको निमित्त आवश्यक जग्गा प्राप्ति गर्ने, वा

(6) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक हित भनी तोकेको कुनै कार्य।

(थ) "स्थानीय तह" भन्नाले आयोजना प्रभावित क्षेत्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(द) “क्षतिपूर्ति” भन्नाले सरोकारवाला व्यक्तिलाई यस ऐन बमोजिम दिइने देहाय बमोजिमको रकम वा सट्टा जग्गा सम्झनु पर्छ र सो शब्दले पुर्नस्थापना वा पुनर्वास कार्यक्रमलाई समेत जनाउँछ :-

(1) जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही गर्दा भएको वास्तविक हानि नोक्सानी बापतको क्षतिपूर्ति,

(2) जग्गा प्राप्त गरिएको कारणले सरोकारवाला व्यक्तिले गुमाउनु परेको सम्पत्ति, स्रोत वा आय बापतको क्षतिपूर्ति, वा

(3) जग्गा प्राप्त गरिएको कारणले दिइने क्षतिपूर्ति।

परिच्छेद-२

जग्गा प्राप्त गर्ने अधिकार

3. नेपाल सरकारलाई जग्गा प्राप्त गर्ने अधिकार हुनेः (१) नेपाल सरकार, मन्त्रिपरिषद्लाई सार्वजनिक हितको लागि आवश्यक पर्ने जुनसुकै ठाउँको जतिसुकै क्षेत्रफल भएको जग्गा यस ऐन बमोजिम प्राप्त गर्ने र सो सम्बन्धमा यस ऐन बमोजिम कारबाही गर्ने, क्षतिपूर्ति निर्धारण गर्ने, पुनर्स्थापना वा पुनर्वास योजना स्वीकृत गर्ने तथा अन्य आवश्यक निर्णय गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्षतिपूर्ति नदिई कुनै व्यक्तिको जग्गा प्राप्त गर्न वा त्यसमा कुनै किसिमको हक वा नियन्त्रण सिर्जना गर्न सकिने छैन।

4. प्रदेश सरकार तथा स्थानीय तहले जग्गा प्राप्त गर्न सक्नेः (१) प्रदेश सरकार वा प्रदेश सरकार मातहतको कुनै निकायको लागि नेपालको संविधानको अनुसूची-६ बमोजिमका विषयसँग सम्बन्धित कुनै आयोजनाको लागि कुनै व्यक्तिको जग्गा आवश्यक भएको अवस्थामा दफा ५१ बमोजिमको समितिको मूल्याङ्कनको आधारमा क्षतिपूर्ति दिई प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम जग्गा प्राप्त गर्न सकिनेछ।

(२) स्थानीय तह वा स्थानीय तह मातहतको कुनै निकायको लागि नेपालको संविधानको अनुसूची-८ बमोजिमका विषयसँग सम्बन्धित कुनै आयोजनाको लागि कुनै व्यक्तिको जग्गा आवश्यक भएको अवस्थामा दफा ५१ बमोजिमको क्षतिपूर्ति निर्धारण समितिको मूल्याङ्कनको आधारमा क्षतिपूर्ति दिई स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम जग्गा प्राप्त गर्न सकिनेछ।

(३) यस दफा बमोजिम प्रदेश सरकार वा स्थानीय तहले व्यक्तिको जग्गा प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था सम्बन्धित प्रदेश वा स्थानीय तहको कानून बमोजिम हुनेछ।

(४) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि संघ र प्रदेश वा संघ, प्रदेश र स्थानीय तह बीचको साझा अधिकारको विषयसँग सम्बन्धित आयोजनाको लागि जग्गा प्राप्ति नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम हुनेछ।

5. स्वीकृति नलिई जग्गा प्राप्ति सम्बन्धी कारबाही गर्न नहुनेः (१) नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैले पनि जग्गा प्राप्ति गर्न, पूर्व सम्भाव्यता अध्ययन गर्न, वातावरणीय वा सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन गर्न वा जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्ति सम्बन्धी कारबाही गर्न आयोजना कार्यालयले जग्गा प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकार समक्ष तोकिए बमोजिम अनुरोध गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका आयोजनाको लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई पूर्व सम्भाव्यता अध्ययन वा सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन गर्न सकिनेछ।

(४) दफा ४ बमोजिम प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त गर्ने जग्गाको हकमा दफा १३ को उपदफा (२) बमोजिम परामर्श प्राप्त गरी प्रदेशको हकमा प्रदेश मन्त्रिपरिषदबाट र स्थानीय तहको हकमा स्थानीय तहको कार्यपालिकाबाट सैद्धान्तिक स्वीकृति प्राप्त गरी जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही गर्न सकिनेछ।

परिच्छेद-३

पूर्व सम्भाव्यता अध्ययन तथा सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन

6. पूर्व सम्भाव्यता अध्ययन तथा सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन गर्नु पर्नेः (१) यस ऐन बमोजिम जग्गा प्राप्ति सम्बन्धी कारबाही चलाउनु अघि जुन प्रयोजन वा आयोजनाका लागि जग्गा प्राप्त गर्न लागिएको हो सो प्रयोजनको लागि जग्गा उपयुक्त भए नभएको वा त्यस्तो आयोजना निर्माण वा कार्यान्वयन गर्न भौगर्भिक, वातावरणीय र सामाजिक दृष्टिकोणबाट उपयुक्त भए नभएको सम्बन्धमा दफा ५ बमोजिम स्वीकृति लिई सम्बन्धित आयोजना कार्यालयले पूर्व सम्भाव्यता अध्ययन गरी सोको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्व सम्भाव्यता अध्ययन गर्दा प्रारम्भिक रुपमा उपयुक्त देखिएमा आयोजनाको निर्माण वा कार्यान्वयनबाट आयोजना प्रभावित क्षेत्रका परिवार तथा समुदायमा पर्न जाने प्रभाव मूल्याङ्कन गर्न सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन समेत गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम पूर्व सम्भाव्यता अध्ययन वा सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन गर्दा स्थानीय तहका पदाधिकारी, आयोजना प्रभावित परिवार, सरोकारवाला व्यक्ति तथा अन्य सम्बद्ध निकायसँग परामर्श गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन गर्दा सम्बन्धित आयोजना कार्यालयले देहायको विवरण खुलाई त्यसको प्रतिवेदन तयार गर्नु पर्नेछः-

(क) आयोजनाले प्राप्त गर्नु पर्ने जग्गा रहेको प्रदेश, जिल्ला, गाउँपालिका वा नगरपालिका र वडा नम्बर, त्यस्तो जग्गाको नक्सा र सिट नम्बर, कित्ता नम्बर र क्षेत्रफल, जग्गाको प्रकार (गुठी, रैकर, सरकारी वा सार्वजनिक वा सामुदायिक), स्वामित्व, उपयोगको अवस्था, जग्गामा निर्मित स्थायी वा अस्थायी संरचनाको सङ्ख्या र सोको विवरण,

(ख) आयोजनाको लागि जग्गा प्राप्त गर्न प्रस्तावित क्षेत्रको नापी नक्सा, लगत तथा अन्य प्रमाणित कागजात,

(ग) सम्भावित आयोजना प्रभावित परिवारको समष्टिगत विवरण र आयोजनाबाट भौतिक तथा आर्थिक दुवै रुपमा विस्थापित हुने परिवारको लगत,

(घ) आयोजनाका लागि जग्गा प्राप्ति गर्न प्रस्ताव गरिएको घर जग्गाको विवरण र क्षेत्रफल,

(ङ) जग्गा प्राप्तिको कुनै विकल्प भए त्यस्तो विकल्पको पहिचान, आँकलन र सान्दर्भिकता तथा त्यसको विश्लेषण,

(च) सम्भावित आयोजना प्रभावित क्षेत्रभित्रको समुदायको संरचना तथा सामाजिक, आर्थिक, सांस्कृतिक तथा जनसाङ्ख्यिक ढाँचाको विवरण,

(छ) प्रतिवेदनमा औंल्याइएका विषय सम्बोधन गर्न आवश्यक लागतको विस्तृत विवरण, त्यसले समग्र आयोजनाको लागतमा पार्न सक्ने असरको विश्लेषण र प्राप्त हुने लाभको लेखाजोखा,

(ज) वर्षमा दुई बाली भन्दा बढी फशल उत्पादन हुने र वर्षभरि नै सिँचाई सुविधा उपलब्ध भइसकेको खेतीयोग्य जग्गा भए नभएको विषय,

(झ) प्रस्तावित जग्गा प्राप्त गर्दा सार्वजनिक हितको प्रयोजन पूरा हुने वा नहुने कुराको आँकलन, र

(ञ) त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त छ वा छैन यकिन गर्नको लागि जग्गामा रहेको माटो, ढुङ्गा, बालुवा, चट्टान आदिको नमूना सङ्कलन, खाडल खन्ने वा बोरिङ् गर्ने काम र त्यसको परीक्षणबाट प्राप्त परिणामको विवरण।

(५) उपदफा (४) बमोजिम तयार भएको प्रतिवेदन आयोजना कार्यालयले सार्वजनिक संस्थाबाट कार्यान्वयन हुने आयोजनाको हकमा त्यस्तो संस्थाको कार्यकारी निकाय समक्ष र सो बाहेक अन्य आयोजनाको हकमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा उपदफा (४) बमोजिमको विवरण उल्लेख भएको र त्यस्तो प्रतिवेदन प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायबाट स्वीकृत भएको रहेछ भने यस दफा बमोजिम छुट्टै सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन गर्नु पर्ने छैन।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सुरक्षा निकाय वा विपद् व्यवस्थापनको प्रयोजनको लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्दा वा तोकिए बमोजिमको क्षेत्रफल भन्दा कम क्षेत्रफल भएको जग्गा प्राप्त गर्दा यस ऐन बमोजिम पूर्व सम्भाव्यता अध्ययन वा सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन गर्नु पर्ने छैन।

7. <u>जग्गा प्राप्तिको योजना बनाउनु पर्नेः</u> (१) यस ऐन बमोजिम जग्गा प्राप्ति गर्नु पर्ने भएमा आयोजना कार्यालयले जग्गा प्राप्तिको योजना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जग्गा प्राप्तिको योजनामा देहायको विवरण समावेश गर्नु पर्नेछ र त्यस्तो योजना कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरी आयोजनाको अभिन्न अङ्गको रुपमा रहने व्यवस्था गर्नु पर्नेछः-

(क) जग्गा प्राप्ति बापत आयोजना प्रभावित परिवारलाई दिनुपर्ने क्षतिपूर्तिको अनुमानित विवरण,

(ख) आयोजनाबाट प्राप्त हुने लाभ तथा सार्वजनिक हितको विश्लेषण,

(ग) आयोजना प्रभावित परिवारलाई सट्टा जग्गा दिन सकिने भए त्यसको विवरण वा पुनर्वास वा पुर्नस्थापना गर्नु पर्ने भएमा त्यसको योजना (स्कीम), र

(घ) आयोजनाबाट आयोजना प्रभावित परिवार वा समुदायमा पर्ने सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रभाव न्यूनीकरण वा सम्बोधन गर्नको लागि आवश्यक अन्य उपायहरु।

(३) उपदफा (१) बमोजिम तयार गरिएको योजना दफा ८ बमोजिम सार्वजनिक सुनवाई गर्दा सार्वजनिक गर्नु पर्नेछ।

(४) दफा ८ बमोजिमको सार्वजनिक सुनुवाईमा आयोजनाको लागि प्राप्त गरिने जग्गाको क्षतिपूर्ति रकम निर्धारणका लागि अनुमानित प्रति एकाइ (कित्ता, घर वा अन्य अचल सम्पति) को मूल्य समेत प्रस्ताव गर्नु पर्नेछ। यसरी मूल्य प्रस्ताव गर्दा यस ऐनको दफा ५३ मा उल्लिखित विषयहरुलाई समेत आधार मान्नु पर्नेछ।

(५) दफा ८ बमोजिम सार्वजनिक सुनुवाई गर्दा नेपाली भाषा र आवश्यकता अनुसार अन्य राष्ट्रिय भाषामा लेखिएको योजनाको सार संक्षेप, क्षतिपूर्तिको विवरण र पुर्नस्थापना वा पुनर्वास कार्यक्रम डिजाइन गरिएको भए त्यसको संक्षिप्त विवरण आयोजना प्रभावित परिवारलाई उपलव्ध गराउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम तयार गरिएको योजना सम्बन्धमा दफा ८ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट जग्गा प्राप्ति, पुर्नवास वा पुर्नस्थापना योजनाको सम्बन्धमा प्राप्त सुझाव र प्रतिक्रियासमेत सम्बोधन हुने गरी आयोजना कार्यालयले त्यस्तो योजना आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको योजनाको तर्जुमा तथा स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम तयार हुने वातावरणीय अध्ययन प्रतिवेदनमा उपदफा (१) बमोजिमको जग्गा प्राप्तिको योजना समावेश गरिएको रहेछ भने त्यस्तो प्रतिवेदनमा प्रस्ताव गरिएको जग्गा प्राप्तिको योजनालाई समेत यस दफा बमोजिमको योजना मानिनेछ।

8. सार्वजनिक सुनुवाई गर्नु पर्नेः (१) दफा ६ को उपदफा (४) बमोजिमको सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन आयोजना कार्यालयले सम्बन्धित प्रदेशको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने

मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनु पर्नेछ र त्यस्तो प्रतिवेदन तोकिए बमोजिमका माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन उपलब्ध गराई सार्वजनिक गरेको पैंतालीस दिनभित्र आयोजना कार्यालयले सामाजिक प्रभाव मूल्याङ्कनको सम्बन्धमा सार्वजनिक सुनुवाई गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक सुनुवाई गराउँदा आयोजना कार्यालयले देहायका प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) सार्वजनिक सुनुवाई जुन ठाउँको जग्गा प्राप्त गर्न प्रस्ताव गरिएको हो सोही ठाउँमा र सो सम्भव नभएमा सोही वडाको अन्य उपयुक्त ठाउँमा गर्नु पर्ने,

(ख) सार्वजनिक सुनुवाई गराउनु भन्दा कम्तीमा तीन दिन अगावै त्यस्तो सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय समेत खुलाई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने, र

(ग) सार्वजनिक सुनुवाईमा स्थानीय तहका प्रतिनिधि, आयोजना प्रभावित परिवारका सदस्य वा प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, सरोकारवाला व्यक्ति र सम्बन्धित क्षेत्रका विशेषज्ञलाई आमन्त्रण गर्नु पर्ने।

(४) उपदफा (२) बमोजिम सार्वजनिक सुनुवाई गर्दा प्राप्त भएका उपयुक्त तथा मनासिब टिप्पणी, सुझाव वा सिफारिसलाई सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा देहायको विवरण तथा योजना समावेश गरिएको र त्यस्तो प्रतिवेदन उपर सार्वजनिक सुनुवाई गराई प्रचलित कानून बमोजिम स्वीकृत भएको अवस्थामा यस दफा बमोजिम पुनः सार्वजनिक सुनुवाई गर्नु पर्ने छैनः-

(क) दफा ६ को उपदफा (४) बमोजिमको विवरण,

(ख) दफा ७ को उपदफा (१) बमोजिमको जग्गा प्राप्तिको योजना,

(ग) दफा ७ को उपदफा (४) बमोजिम प्रस्तावित क्षतिपूर्ति रकम, र

(घ) दफा ७ को उपदफा (५) बमोजिमको संक्षिप्त विवरण आयोजना प्रभावित परिवारलाई उपलव्ध गराईएको।

(६) यस दफा बमोजिम सार्वजनिक सुनुवाई गर्ने सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

9. <u>सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन स्वीकृत गर्ने</u>: (१) दफा ६ को उपदफा (४) बमोजिम तयार भएको सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनका सम्बन्धमा दफा ८ बमोजिम सार्वजनिक सुनुवाई पूरा भएपछि त्यस्तो सुनुवाईबाट प्राप्त राय, सुझाव, टिप्पणी वा सिफारिस समेत विचार गरी सार्वजनिक संस्थाबाट कार्यान्वयन हुने आयोजनाको हकमा त्यस्तो संस्थाको कार्यकारी निकाय र सो

बाहेकको अन्य आयोजनाको हकमा मन्त्रालयले त्यस्तो योजना प्राप्त भएको मितिले तीस दिन भित्र स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा सार्वजनिक संस्थाको कार्यकारी निकायले आवश्यक ठानेमा आयोजनाको प्राविधिक विज्ञ, स्वतन्त्र समाजशास्त्री र पुनर्वास तथा पुर्नस्थापना विज्ञ समावेश भएको एक विज्ञ समूहको सहयोगमा प्रतिवेदनको समीक्षा गरी प्राप्त सुझावलाई समेत विचार गरी स्वीकृत गर्न सक्नेछ।

(३) यस दफा बमोजिम सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन स्वीकृत भएको मितिले छ महिनाभित्र दफा १७ बमोजिम जग्गा प्राप्तिको प्रारम्भिक कारबाही प्रारम्भ गरिसक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र त्यस्तो कारबाही प्रारम्भ हुन नसकेमा दफा ६ को उपदफा (४) बमोजिम तयार गरिएको सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन स्वतः निष्कृय भएको मानिनेछ।

परिच्छेद-४

जग्गा प्राप्तिको प्रक्रिया

10. जग्गा प्राप्तिको लागि अनुरोध गर्नु पर्नेः (१) सार्वजनिक हितको लागि यस परिच्छेद बमोजिम जग्गा प्राप्त गर्नु परेमा जग्गा प्राप्त गर्नु पर्ने आयोजना कार्यालयले देहाय बमोजिमको विवरण खुलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्नु पर्नेछः-

(क) जग्गा रहेको प्रदेश, जिल्ला, स्थानीय तहको नाम र वडा नम्बर,

(ख) जग्गा प्राप्त गर्नु पर्नाको कारण,

(ग) प्राप्त गर्नु पर्ने जग्गा नापी भइसकेको भए कित्ता नम्बर,

(घ) प्राप्त गर्नु पर्ने जग्गा नापी भई नसकेको भए जग्गाको चार किल्ला र जग्गा पहिचानको लागि सहायक हुने आवश्यक विवरण,

(ङ) प्राप्त गरिने जग्गाको क्षेत्रफल, बाटोको अवस्था र चार किल्ला,

(च) जग्गाको किसिम,

(छ) सम्बन्धित जग्गाधनीको नाम,

(ज) जग्गाको नक्सा तथा सिट नम्बर,

(झ) जग्गामा प्रचलित कानून बमोजिम दर्तावाल मोही भए सम्बन्धित मोहीको नाम,

(ञ) रजिष्ट्रेशन प्रयोजनको लागि सम्बन्धित मालपोत कार्यालयले निर्धारण गरेको न्यूनतम मूल्याङ्कन दर, र

(ट) तोकिए बमोजिमका अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्तिको लागि गरिने अनुरोधको साथमा दफा ६ बमोजिमको पूर्व सम्भाव्यता अध्ययन र सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनको प्रति संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त अनुरोध तथा सो साथ संलग्न विवरण तथा कागजात संलग्न गरी त्यस्तो अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयले सिफारिस सहित जग्गा प्राप्तिको लागि सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

11. प्रदेश सरकार वा स्थानीय तहलाई जग्गा प्राप्त गरिदिनेः (१) प्रदेश सरकार वा स्थानीय तहले निर्माण, कार्यान्वयन वा सञ्चालन गर्ने कुनै आयोजनाको लागि सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा प्राप्ति गर्नु पर्ने भएमा सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले त्यस्तो जग्गा प्राप्तिको लागि नेपाल सरकारसँग अनुरोध गर्न सक्नेछ।

(२) प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कुनै सार्वजनिक संस्थाले निर्माण, कार्यान्वयन वा सञ्चालन गर्ने कुनै आयोजनाको लागि सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा प्राप्ति गर्नु पर्ने भएमा त्यस्तो संस्थाले सम्बन्धित प्रदेश सरकार वा स्थानीय तह मार्फत त्यस्तो जग्गा प्राप्तिको लागि नेपाल सरकारसँग अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त गरिने जग्गाको क्षतिपूर्ति, पुर्नस्थापना वा पुनर्वासको लागि हुने खर्च त्यस्तो जग्गा प्राप्तिको लागि अनुरोध गर्ने आयोजना कार्यालयले र त्यस्तो आयोजना कार्यालय नभएमा सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्नु पर्नेछ।

12. जग्गा प्राप्त गर्न नसकिनेः (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वर्षमा दुई बाली भन्दा बढी फशल उत्पादन हुने र वर्षभरि नै सिँचाई सुविधा उपलब्ध भइसकेको खेतीयोग्य जग्गा प्राप्त गर्न सकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय महत्वका राजमार्ग, रेलमार्ग, विद्युत उत्पादन वा प्रसारण वा वितरण, सुरुङ मार्ग वा नहर निर्माण जस्ता अत्यावश्यक पूर्वाधार संरचना निर्माण वा विकास वा सुरक्षा वा सार्वजनिक सेवा प्रवाहको लागि वैकल्पिक व्यवस्था नभएको वा भए तापनि आर्थिक, वातावरणीय वा सामाजिक रुपमा दीगो नहुने भएमा त्यस्तो जग्गा प्राप्त गर्न सकिनेछ।

13. परामर्श गर्नु पर्नेः (१) नेपाल सरकार वा प्रदेश सरकारले यस ऐन बमोजिम जग्गा प्राप्तिको कार्य प्रारम्भ गर्नु अघि प्राप्त गर्नु पर्ने जग्गा रहेको स्थानीय तहसँग जग्गा प्राप्तिका सम्बन्धमा परामर्श गर्नु पर्नेछ।

(२) दफा ४ बमोजिम प्रदेश सरकार वा स्थानीय तह वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कुनै सार्वजनिक संस्थाको लागि कुनै व्यक्तिको स्वामित्वको जग्गा प्राप्तिको कार्य प्रारम्भ गर्नु अघि नेपाल सरकारको भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालयसँग परामर्श गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिच्छेद-६ बमोजिम वार्ताद्वारा जग्गा प्राप्ति गर्दा वा सम्बन्धित स्थानीय तहले नै जग्गा प्राप्तिको लागि अनुरोध गरेको अवस्थामा त्यस्तो स्थानीय तहसँग परामर्श गर्नु पर्ने छैन।

(४) उपदफा (१) र (२) बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले प्राप्त गर्ने जग्गाको सम्बन्धमा सम्बन्धित स्थानीय तहमा र प्रदेश सरकार वा स्थानीय तह वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतको कुनै सार्वजनिक निकायको लागि जग्गा प्राप्तिको कार्य प्रारम्भ गर्नु अघि परामर्शको लागि नेपाल सरकारको भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (२) र (३) बमोजिम लेखी आएमा सम्बन्धित स्थानीय तह तथा नेपाल सरकारको भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक कार्य गरी सो सम्बन्धमा कुनै सुझाव भए त्यस्तो सुझाव सहित एक्काइस दिन भित्र परामर्श माग गर्ने निकायलाई परामर्श उपलब्ध गराउनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले परामर्श नदिएको वा जग्गा प्राप्त गर्न असहमति जनाएको कारणले मात्र त्यस्तो जग्गा प्राप्त गर्ने कारबाही अघि बढाउन बाधा पर्ने छैन।

14. <u>जग्गा प्राप्ति गर्न सैद्धान्तिक स्वीकृतिः</u> (१) दफा १० वा ११ बमोजिम जग्गा प्राप्तिको लागि अनुरोध प्राप्त भएकोमा आयोजनासँग सम्बन्धित आवश्यक विवरण अध्ययन गर्दा त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त देखिएमा मन्त्रालयले सार्वजनिक हितको लागि जग्गा प्राप्त गर्न यस ऐन बमोजिम प्रारम्भिक कारबाही चलाउन सैद्धान्तिक स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिम प्रदेश वा स्थानीय तहले प्राप्त गर्न सक्ने जग्गाको सम्बन्धमा दफा ५ को उपदफा (४) बमोजिम प्रारम्भिक कारबाही चलाउन सैद्धान्तिक स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सैद्धान्तिक स्वीकृति दिइएकोमा सोको जानकारी आवश्यकता अनुसार सम्बन्धित प्रदेश सरकार, स्थानीय तह, प्रमुख जिल्ला अधिकारी, आयोजना प्रमुख र सार्वजनिक संस्थालाई गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सैद्धान्तिक स्वीकृति सम्बन्धी सूचना प्राप्त भएपछि सम्बन्धित आयोजना कार्यालयले जग्गा प्राप्त गर्ने सम्बन्धी सूचना सार्वजनिक गर्नेछ।

15. <u>सरकारी वा सार्वजनिक जग्गा प्रयोग गर्दा स्वीकृति लिनु पर्नेः</u> (१) कुनै आयोजनाको निर्माण, सञ्चालन वा कार्यान्वयनको लागि सरकारी वा सार्वजनिक जग्गा प्रयोग गर्नु पर्ने भएमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि सरकारी वा सार्वजनिक जग्गा नभई नहुने र त्यसको वैकल्पिक व्यवस्था नभएको वा भए तापनि व्यवहारिक नभएको अवस्थामा आयोजना प्रमुखले सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारको भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा र त्यस्तो जग्गा सो आयोजनालाई निश्चित अवधिसम्मको लागि प्रयोग गर्न दिन मनासिब हुने देखेमा नेपाल सरकारको भूमि विषय हेर्ने मन्त्रालयले

त्यस्तो जग्गा सो आयोजनालाई लिजमा दिने स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेश भएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले जग्गा लिजमा दिँदा लिइने लिज रकम, लिजका अन्य शर्त र लिजको अवधि समेत निर्धारण गरी सरकारी वा सार्वजनिक जग्गा प्रयोग गर्ने स्वीकृति दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदबाट भएको निर्णयको आधारमा नेपाल सरकारको भूमि विषय हेर्ने मन्त्रालयले त्यस्तो आयोजनासँग लिज रकम, लिजको शर्त र अवधि समेत उल्लेख गरी लिज करार गरी सो जग्गा लिजमा दिनेछ र त्यस्तो जग्गा प्रयोग गरे बापत आयोजनाले नेपाल सरकारलाई लिज बहाल उपलव्ध गराउनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा सार्वजनिक जग्गा प्राप्त गर्न र त्यस्तो जग्गाको स्वामित्व परिवर्तन गर्न सकिने छैन।

परिच्छेद-५

जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही

16. प्रारम्भिक कारबाही गर्ने अधिकारीः (१) दफा १४ बमोजिम जग्गा प्राप्तिको प्रारम्भिक कारबाही चलाउन सैद्धान्तिक स्वीकृति प्राप्त भए पछि कुनै निकायको लागि जग्गा प्राप्त गर्न लागिएको भए त्यस्तो निकायले तोकेको अधिकृतस्तरको कर्मचारीले र त्यसरी कर्मचारी नतोकिएकोमा सो निकायको प्रमुखले, कुनै आयोजनाको लागि जग्गा प्राप्त गर्न लागिएको भए सम्बन्धित आयोजना प्रमुखले, सार्वजनिक संस्थाको लागि जग्गा प्राप्त गर्न लागिएको भए त्यस्तो संस्थाको कार्यकारी प्रमुख वा निजले तोकेको कुनै अधिकृतस्तरको कर्मचारीले र प्रदेश सरकार वा स्थानीय तहको लागि जग्गा प्राप्त गर्न लागिएको भए प्रदेश सरकार वा स्थानीय तहले तोकेको अधिकृतले जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही चलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कारबाही चलाउनु अघि सम्बन्धित आयोजना कार्यालय, सार्वजनिक संस्था, प्रदेश सरकार वा स्थानीय तहले प्रारम्भिक कारबाही चलाउने अधिकारीको विवरण सहित प्रारम्भिक कारबाही गर्न प्रारम्भ गर्ने दिन खुलाई त्यसको सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार वा स्थानीय तह वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कुनै सार्वजनिक संस्थाले दफा ४ बमोजिम कुनै व्यक्तिको स्वामित्वको जग्गा प्राप्त गर्नु परेको अवस्थामा सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले तोकेको अधिकृतले जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारबाही गर्नेछ।

(४) उपदफा (१) र (३) मा उल्लिखित अवस्था बाहेक अन्य अवस्थामा जग्गा प्राप्त गर्नु पर्ने भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृतले प्रारम्भिक कारबाही चलाउनु पर्नेछ।

17. <u>प्रारम्भिक कारबाहीः</u> (१) दफा १६ बमोजिमको प्रारम्भिक कारबाही गर्ने अधिकारीले जग्गा प्राप्ति गर्ने सम्बन्धमा प्रारम्भिक कारबाही हुन लागेको कुरा सरोकारवाला व्यक्तिको जानकारीको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा र सम्बन्धित निकायको वेवसाइटमा सूचना प्रकाशन गरी सर्वसाधारणले देख्न सक्ने गरी देहायको कार्यालय तथा स्थानमा सूचना टाँस गर्नु पर्नेछः-

(क) आयोजना प्रभावित क्षेत्र वा त्यसको आसपासमा रहेको सार्वजनिक स्थान,

(ख) सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालय, र

(ग) नजिकको कुनै सरकारी कार्यालय र त्यस्तो कार्यालय नभएमा सार्वजनिक विद्यालयमा।

(२) उपदफा (१) बमोजिमको सूचना प्रारम्भिक कारबाही गर्ने अधिकारीले आफ्नो कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गरिएको जानकारी सम्बन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ।

18. <u>रोक्का राख्नु पर्नेः</u> (१) दफा १७ बमोजिम सूचना प्रकाशन र टाँस भएपछि प्रारम्भिक कारबाही गर्ने अधिकारीले तीन दिनभित्र त्यस्तो जग्गाको कुनै किसिमले हक हस्तान्तरण हुन नसक्ने वा धितो बन्धक राख्न नसक्ने गरी यथास्थितिमा जग्गा रोक्का राख्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो जग्गा रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित मालपोत कार्यालयले सो जग्गाको हक हस्तान्तरण वा धितो बन्धक सम्बन्धी रजिष्ट्रेशन पारित रोक्का राख्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम अंशियार बीच अंशवण्डा गर्न वा जग्गाधनी र मोहीबीच बाँडफाँड गर्न बाधा पर्ने छैन।

19. <u>प्रारम्भिक कारबाहीको लागि जग्गा वा घर कम्पाउण्डमा प्रवेश गर्न सक्नेः</u> (१) दफा १७ को उपदफा (१) बमोजिम सूचना टाँस भएको मितिले सात दिनपछि प्रारम्भिक कारबाही गर्ने अधिकारीले देहायको कुनै काम कारबाहीको लागि आवश्यक सङ्ख्यामा कर्मचारी वा कामदार लिई सम्बन्धित जग्गा वा घर कम्पाउण्डभित्र प्रवेश गर्न सक्नेछ :-

(क) त्यस्तो जग्गाको नाप नक्सा लिने, सर्भे गर्ने वा जग्गाको क्षेत्रफल यकिन गर्ने,

(ख) जग्गा प्राप्ति गर्न आवश्यक जग्गा छुट्याउने, साँध, किल्ला खडा गर्ने वा अरु कुनै प्रकारले निशाना लगाउने,

(ग) जग्गामा रहेका घर, मतान, गोठ, टहरा, बगैंचा, रुख, बाँस, फुलबारी आदिको विवरण तयार गर्ने, वा

(घ) खण्ड (क) वा (ख) सम्बन्धी कुनै कारबाही गर्नको लागि आवश्यक पर्ने कुनै उपकरण जडान गर्ने वा खडा गर्ने।

(२) उपदफा (१) बमोजिमको कुनै कारबाही गर्दा प्रारम्भिक कारबाही गर्ने अधिकारीले त्यस्तो जग्गामा लगाएको कुनै बाली वा नहुर्केको रुख काट्नु वा उखेल्नु परेमा वा कुनै छेकवार वा पर्खाल हटाउनु वा भत्काउनु परेमा सम्भव भएसम्म सम्बन्धित जग्गाधनी र निज उपलब्ध नभएमा सरोकारवाला व्यक्तिको अनुमति लिई र अनुमति लिन सम्भव नभएमा वा निजले अनुमति नदिएमा सम्बन्धित स्थानीय तहको प्रतिनिधि र त्यस्तो प्रतिनिधि उपलब्ध नभएमा कम्तीमा दुई जना स्थानीय व्यक्तिलाई रोहबरमा राखी उपस्थितिको अभिलेख राखी त्यस्तो काम कारबाही गर्न सक्नेछ।

20. प्रारम्भिक कारबाहीबाट भएको हानि नोक्सानी बापत क्षतिपूर्ति दिने: (१) दफा १९ बमोजिम भए वा गरेको कुनै काम कारबाहीबाट सरोकारवाला व्यक्तिलाई कुनै किसिमको हानि नोक्सानी भएमा त्यस बापत आयोजना कार्यालयले सम्बन्धित जग्गाधनीलाई यथाशीघ्र क्षतिपूर्ति वितरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वितरण भएको क्षतिपूर्ति रकममा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले त्यसरी क्षतिपूर्ति रकम वितरण भएको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम उजुरी परेकोमा प्रमुख जिल्ला अधिकारीले सो उजुरी परेको मितिले सात दिनभित्र उपदफा (१) बमोजिम वितरण भएको क्षतिपूर्ति रकममा पुनरावलोकन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रमुख जिल्ला अधिकारीले पुनरावलोकन गरी क्षतिपूर्ति निर्धारण सम्बन्धमा गरेको निर्णय अन्तिम मानिनेछ।

(५) यस दफा बमोजिम प्राप्त गरेको क्षतिपूर्ति रकम दफा ४९ बमोजिम प्राप्त हुने क्षतिपूर्ति रकममा गणना गरिने छैन।

21. प्रतिवेदन दिनु पर्ने: (१) प्रारम्भिक कारबाही गर्ने अधिकारीले प्रारम्भिक कारबाही चलाएको एक महिनाभित्र त्यस्तो कारबाही पूरा गरी त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त छ वा छैन यकीन गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनबाट त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त देखिएकोमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले त्यस्तो जग्गा प्राप्तिको निर्णय गर्नको लागि सो सम्बन्धी आवश्यक विवरण सहित त्यस्तो प्रतिवेदन यथाशीघ्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनबाट त्यस्तो जग्गा प्राप्त गर्न आर्थिक, प्राविधिक वा वातावरणीय दृष्टिकोणबाट उपयुक्त नदेखिएमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो जग्गाको रोक्का फुकुवा गरी सो सम्बन्धी आवश्यक विवरण सहित त्यस्तो प्रतिवेदन यथाशीघ्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिम प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने जग्गाको हकमा प्रदेश मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा सम्बन्धित स्थानीय तहमा लेखि पठाउनु पर्नेछ।

22. जग्गा प्राप्ति सम्बन्धी निर्णयः (१) दफा २१ को उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएकोमा मन्त्रालयले त्यस्तो जग्गा प्राप्त गर्ने सम्बन्धी निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) कुनै आयोजनाको लागि सरकारी वा सार्वजनिक जग्गा र व्यक्तिको जग्गा समेत प्राप्ति वा प्रयोग गर्नु पर्ने भएमा त्यस्तो विषयमा उपदफा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्दा नेपाल सरकारको भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालयले प्रस्ताव पेश गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश भएको प्रस्तावको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो जग्गा प्राप्त गर्ने वा नगर्ने निर्णय गर्नेछ।

(४) उपदफा (३) बमोजिम जग्गा प्राप्ति सम्बन्धी निर्णयको जानकारी मन्त्रालयले सम्बन्धित प्रदेश सरकार, स्थानीय तह, प्रमुख जिल्ला अधिकारी र आयोजना कार्यालयलाई दिनु पर्नेछ।

(५) दफा ४ बमोजिम प्रदेश वा स्थानीय तहबाट जग्गा प्राप्त गर्न प्रदेशको हकमा प्रदेश मन्त्रिपरिषदबाट र स्थानीय तहको हकमा गाउँ वा नगर कार्यपालिकाबाट निर्णय गर्नु पर्नेछ।

परिच्छेद-६
वार्ताद्वारा जग्गा प्राप्ति

23. वार्ताद्वारा जग्गा प्राप्ति गर्न सकिनेः (१) देहायको अवस्थामा आयोजनाको लागि सम्बन्धित जग्गाधनीसँग प्रत्यक्ष वार्ता गरी जग्गा प्राप्त गर्न सकिनेछः-

(क) नेपाल सरकार, मन्त्रिपरिषदले वार्ताद्वारा जग्गा प्राप्त गर्न प्रमुख जिल्ला अधिकारी मार्फत सम्बन्धित आयोजना कार्यालयलाई निर्देशन दिएमा,

(ख) प्रदेश सरकारको अनुरोधमा वार्ताद्वारा जग्गा प्राप्त गर्न नेपाल सरकार, मन्त्रिपरिषदले स्वीकृति प्रदान गरेमा,

(ग) सम्बन्धित स्थानीय तहले वार्ताद्वारा जग्गा प्राप्त गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई अनुरोध गरी पठाएकोमा नेपाल सरकार, मन्त्रिपरिषदले स्वीकृति प्रदान गरेमा, वा

(घ) सम्बन्धित आयोजना कार्यालयले वार्ताद्वारा जग्गा प्राप्त गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई अनुरोध गरी पठाएकोमा नेपाल सरकार, मन्त्रिपरिषदले स्वीकृति प्रदान गरेमा।

(२) उपदफा (१) बमोजिम प्राप्त गरिने जग्गाको मूल्याङ्कन, क्षतिपूर्ति निर्धारण, पुनर्वास वा पुर्नस्थापना र अन्य विषयको निर्धारण आयोजना कार्यालय र जग्गाधनी बीच भएको वार्ता बमोजिम हुनेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि क्षतिपूर्ति निर्धारण गर्दा आयोजना कार्यालयले दफा ५२ र ५३ मा उल्लिखित व्यवस्थालाई आधार मान्नेछ।

(४) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा देहायका शर्त पूरा भएको हुनु पर्नेछः-

(क) आयोजना प्रभावित परिवार वा निजका प्रतिनिधिलाई अग्रिम सूचना दिई प्रत्यक्ष वार्ताका लागि आमन्त्रण गरेको,
(ख) वार्ता, क्षतिपूर्ति निर्धारण वा सम्झौता प्रक्रिया कसैको डर, त्रास, दबाव वा प्रभाव बिना स्वतन्त्र र पारदर्शी रुपमा भएको, र
(ग) उपदफा (२) बमोजिमको विषयमा आयोजना कार्यालय र सम्बन्धित जग्गाधनी बीच सहमति भएको।

24. <u>वार्ताको सूचना</u>ः (१) दफा २३ बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गर्नु पर्ने भएमा सम्बन्धित आयोजना कार्यालयले सम्बन्धित सरोकारवाला व्यक्तिलाई लिखित वा लिखित अभिलेख रहन सक्ने अन्य माध्यमद्वारा कम्तीमा सात दिनको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विषय उल्लेख गरेको हुनु पर्नेछः-

(क) कुन आयोजना वा प्रयोजन वा कार्यको लागि जग्गा प्राप्त गरिने हो सो विषय,
(ख) जग्गा मात्र प्राप्त गरिने हो वा त्यसमा रहेको घर, पर्खाल आदि संरचना समेत प्राप्त गर्ने हो सो विषय,
(ग) जग्गा रहेको प्रदेश, जिल्ला, स्थानीय तहको नाम र वडा नम्बर,
(घ) नापी भइसकेको जग्गा भए प्राप्त गर्ने जग्गाको कित्ता नम्बर,
(ङ) नापी भई नसकेको जग्गा भए जग्गाको चार किल्ला र जग्गा पहिचानको लागि सहायक हुने अन्य आवश्यक विवरण,
(च) प्राप्त गरिने जग्गाको क्षेत्रफल,
(छ) सम्बन्धित जग्गाधनीको नाम,
(ज) सो जग्गामा प्रचलित कानून बमोजिमको दर्तावाला मोही भए त्यसको विवरण,
(झ) वार्ता शुरु गरिने मिति, स्थान र समय, र
(ञ) अन्य आवश्यक विवरण।

(३) उपदफा (१) बमोजिम जारी भएको सूचनाको जानकारी आयोजना कार्यालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा समेत दिनु पर्नेछ।

(४) आयोजना कार्यालयले सूचनामा उल्लिखित मिति र समयमा आफूले तोकेको स्थान वा सम्बन्धित वडा कार्यालयमा सम्बन्धित सरोकारवाला व्यक्तिसँग वार्ता गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम गरिने वार्ता सम्बन्धी अन्य शर्त र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

25. <u>वार्ताद्वारा जग्गा प्राप्त गर्ने अवधि</u>ः (१) यस परिच्छेद बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गर्दा दफा २४ को उपदफा (१) बमोजिम सरोकारवाला व्यक्तिलाई सूचना दिएको मितिले छ महिनाभित्र प्राप्त गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र जग्गा प्राप्त गर्न नसकिएमा परिच्छेद-७ बमोजिम जग्गा प्राप्त गर्नु पर्नेछ।

26. लिखित सम्झौता गर्नु पर्नेः (१) दफा २४ बमोजिम भएको वार्ताद्वारा जग्गा बिक्री गर्न जग्गाधनी वा सरोकारवाला व्यक्ति सहमत भएमा सम्बन्धित व्यक्तिले बिक्री, हक हस्तान्तरण वा अन्य कुनै माध्यमबाट जग्गा सम्बन्धित आयोजनालाई दिने विषय र सो बापत लिनु पर्ने प्रतिफलका विषयमा भएको सहमतिका बुँदा स्पष्ट उल्लेख गरी लिखित सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता भएमा सम्बन्धित आयोजना कार्यालयले सोको जानकारी यथाशीघ्र सम्बन्धित प्रमुख जिल्ला अधिकारी र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

27. जग्गा बापत शेयर लिन सक्नेः (१) स्थानीय स्रोत परिचालन गरी कम्पनी मार्फत आयोजना कार्यान्वयन हुने भई शेयर लिन सकिने भएमा आयोजना प्रभावित परिवारले चाहेमा जग्गाको मूल्य बापत आंशिक रुपमा शेयर पाउने गरी आयोजनाको लागि जग्गा दिन सहमत भई सम्झौता गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहमति भएमा त्यस्तो कम्पनीले सहमतिका शर्त बमोजिम आयोजना प्रभावित परिवारका सदस्यलाई अङ्कित मूल्यमा शेयर वितरण गर्नु पर्नेछ।

28. निर्देशन दिन सक्नेः (१) यस परिच्छेद बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गर्दा नेपाल सरकारले प्रमुख जिल्ला अधिकारी मार्फत आयोजना कार्यालय वा सार्वजनिक संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित आयोजना कार्यालय वा सार्वजनिक संस्थाको कर्तव्य हुनेछ।

29. सम्बन्धित निकायको अधिकार स्थापित भएको मानिनेः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम सम्झौता भएकोमा त्यस्तो सम्झौताको व्यवस्था बमोजिम त्यस्तो जग्गामा सम्बन्धित निकाय, आयोजना वा सार्वजनिक संस्थाको अधिकार स्थापित भएको मानिनेछ।

30. जग्गा प्राप्त गराईदिन सकिनेः (१) दफा २३ को उपदफा (१) बमोजिमको अवस्था नभएमा वा आयोजना कार्यालयले आयोजना निर्माण, सञ्चालन वा कार्यान्वयनका लागि यस परिच्छेद बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गर्न नसकेको वा दफा २५ बमोजिमको अवधिभित्र वार्ताद्वारा जग्गा प्राप्त गर्न कुनै कारणले उपयुक्त नभएको वा सम्भव नभएको मनासिब कारण देखाई परिच्छेद-७ बमोजिम जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकार, मन्त्रिपरिषदले त्यस्तो निकाय वा आयोजनालाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्तिको लागि अनुरोध गर्ने आयोजना कार्यालयले क्षतिपूर्ति, पुर्नस्थापना वा पुनर्वासका विषयमा मञ्जुरीको लिखत गरी मन्त्रालयलाई नबुझाएसम्म यस ऐन बमोजिम जग्गा प्राप्तिको कारबाही चलाइने छैन।

31. <u>जग्गा प्राप्ति सम्बन्धी निर्णय गर्न सकिने</u>ः दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषदले यस परिच्छेद बमोजिमको कार्यविधि अवलम्बन गर्दा कुनै आयोजना कार्यान्वयन गर्न अनावश्यक ढिलाई हुने देखेमा त्यस्तो कार्यविधि अवलम्बन नगरी परिच्छेद-७ बमोजिम जग्गा प्राप्ति गर्ने गरी निणर्य गर्न सक्नेछ।

परिच्छेद-७
<u>जग्गा प्राप्तिको कार्यविधि</u>

32. <u>जग्गा प्राप्त गर्न सूचना जारी गर्ने</u>ः (१) दफा २२ को उपदफा (४) बमोजिम जग्गा प्राप्ति गर्ने निर्णयको जानकारी प्राप्त भएपछि वा दफा ३० को उपदफा (१) बमोजिम आयोजना कार्यालयले जग्गा प्राप्त गरिदिन सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकार वा प्रदेश सरकार समक्ष अनुरोध गरेकोमा वा नेपाल सरकार, मन्त्रिपरिषदले दफा ३१ बमोजिम वा प्रदेश सरकार वा स्थानीय तहले दफा ४ बमोजिम जग्गा प्राप्ति सम्बन्धी निर्णय गरेमा सोको पन्ध्र दिनभित्र प्रमुख जिल्ला अधिकारीले प्राप्त गर्नु पर्ने जग्गाको सम्बन्धमा दफा २४ को उपदफा (२) मा उल्लिखित विवरणका अतिरिक्त देहायका विवरण समेत उल्लेख गरी सूचना जारी गर्नेछः-

(क) जग्गा प्राप्त गरे बापत सरोकारवाला व्यक्तिलाई दिइने क्षतिपूर्ति रकम वा पुर्नस्थापना वा पुनर्वासमध्ये के उपलब्ध गराउने हो सो कुरा,

(ख) पुनर्स्थापना वा पुनर्वासको व्यवस्था भएमा क्षतिपूर्ति रकम मात्र प्राप्त गर्ने वा क्षतिपूर्ति रकम नलिई पुनर्वास वा पुर्नस्थापनाको सुविधा प्राप्त गर्ने सो सम्बन्धमा सरोकारवाला व्यक्तिले तोकिए बमोजिम रोज्न सक्ने कुरा, र

(ग) सरोकारवाला व्यक्तिले त्यस्तो जग्गामा लगाएको बाली वा रुख काट्न तथा त्यसमा रहेका घर, पर्खाल आदि संरचना भत्काई लैजान वा जडान गरिएको वस्तु झिकी लैजान पाउने भए त्यस्तो बाली सङ्कलन गर्न, रुख काट्न वा घर, पर्खाल, आदि संरचना भत्काई लैजान पाउने अवधि।

(२) उपदफा (१) बमोजिम जारी हुने सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुका साथै सम्बन्धित जिल्ला प्रशासन कार्यालयको वेबसाइटमा राखी सर्वसाधारणले देख्न सक्ने गरी देहायको कार्यालय वा स्थानमा समेत टाँस्नु पर्नेछः-

(क) आयोजना प्रभावित क्षेत्र वा त्यसको आसपासमा रहेको कुनै सार्वजनिक स्थान,

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालय,

(ग) सम्बन्धित आयोजना वा सार्वजनिक संस्थाको स्थलगत कार्यालय, र

(घ) सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालय।

(३) उपदफा (१) बमोजिम जारी हुने सूचनामा सरोकारवाला व्यक्तिलाई क्षतिपूर्ति दाबी गरी निवेदन गर्नको लागि कम्तीमा एक्काइस दिनको अवधि दिनु पर्नेछ र त्यसरी क्षतिपूर्ति दाबी गर्ने निवेदन साथ नागरिकताको प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपूर्जा, आफ्नो हकदैया वा भोगचलन सम्बन्धी अन्य कुनै निस्सा प्रमाण समेत संलग्न गर्नु पर्ने व्यहोरा समेत खुलाउनु पर्नेछ।

33. <u>जग्गामा प्रवेश गर्ने र नियन्त्रणमा लिने अधिकार</u>ः (१) दफा ३२ को उपदफा (१) को खण्ड (ग) बमोजिमको अवधि समाप्त भएपछि आयोजना कार्यालयले जुनसुकै बखत त्यस्तो जग्गामा प्रवेश गर्न र जग्गा प्राप्तिसँग सम्बन्धित अन्य आवश्यक कार्य गरी त्यस्तो जग्गा उपयोगमा ल्याउन सक्नेछ र त्यसरी उपयोगमा ल्याएपछि त्यस्तो जग्गा नियन्त्रणमा लिएको मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जग्गामा घर भएको र सम्बन्धित घर धनीको सोही घरमा बासस्थान रहेको वा त्यस्तो जग्गामा कुनै व्यवसाय वा कारोबार सञ्चालन गरिरहेको भएमा त्यस्तो बासस्थान, व्यवसाय वा कारोबार अन्यत्र सार्नको लागि निर्धारित क्षतिपूर्तिको रकमको पचास प्रतिशत रकम नदिई त्यस्तो जग्गामा प्रवेश गरी कुनै काम गर्न वा त्यसलाई प्रयोगमा ल्याउन सकिने छैन।

(३) उपदफा (१) बमोजिम जग्गामा प्रवेश गरेको र नियन्त्रणमा लिएको सूचना यथाशीघ्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई दिनु पर्नेछ।

34. <u>जग्गाको भोगाधिकार तथा स्वामित्व सर्ने</u>ः (१) दफा ३३ बमोजिम कुनै जग्गा नियन्त्रणमा लिइएकोमा त्यसरी नियन्त्रणमा लिएपछि त्यस्तो जग्गाको भोगाधिकार आयोजना कार्यान्वयन गर्ने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा र आयोजनाको कार्यान्वयन सार्वजनिक संस्थाबाट गरिएको भएमा त्यस्तो सार्वजनिक संस्था वा आयोजनामा स्वतः हस्तान्तरण भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम भोगाधिकार हस्तान्तरण भएको जग्गाको यस ऐन बमोजिम पाउने पूरा क्षतिपूर्ति प्रदान गरेपछि त्यस्तो जग्गामा रहेको सम्बन्धित जग्गाधनीको स्वामित्व तथा हक सो उपदफा बमोजिमको सरकार वा स्थानीय तह, सार्वजनिक संस्था वा आयोजनामा स्वतः हस्तान्तरण भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम स्वामित्व तथा हक हस्तान्तरण भएको जग्गाको संरक्षण गर्नु सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, सार्वजनिक संस्था र आयोजना कार्यालयको कर्तव्य हुनेछ।

(४) उपदफा (२) बमोजिमको जग्गा कसैले कब्जा गर्न, खिचोला गर्न वा अनधिकृत रुपमा भोग चलन गर्न हुँदैन।

35. <u>नामसारी, दाखिल खारेज तथा लगत कट्टा गर्ने</u>ः (१) दफा ३४ बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था वा आयोजनाको स्वामित्वमा आएका जग्गाको देहाय बमोजिम नामसारी, दाखिल खारेज गरी लगत कट्टा गर्न दफा ३३ बमोजिम जग्गा नियन्त्रणमा लिएको पन्ध्र दिनभित्र आयोजना कार्यालयले त्यस्तो जग्गाको दर्ताको विवरण सहित सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाको लागि प्राप्त गरिएको जग्गा त्यस्तो सरकार वा स्थानीय तहको नाममा दर्ता गरी लगत कायम गर्न, र

(ख) सार्वजनिक संस्थाबाट कार्यान्वयन गरिएको आयोजनाको लागि प्राप्त गरिएको जग्गा त्यस्तो सार्वजनिक संस्था वा आयोजनाको नाममा दर्ता गरी लगत कायम गर्न।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित मालपोत कार्यालयले यथाशीघ्र त्यस्तो जग्गाको मालपोतको दाखिल खारेज र लगत कट्टा गरी लेखी आए बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था वा आयोजनाको नाममा नामसारी गरी सोको जानकारी सम्बन्धित निकाय, आयोजना कार्यालय र साविकको जग्गाधनी लाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित मालपोत कार्यालयले तोकिएको अवधिभित्र लगत कट्टा नगरेमा सम्बन्धित आयोजना कार्यालयले जिल्ला प्रशासन कार्यालयलमा लगत कट्टा सम्बन्धी कारवाहीको लागि लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा जिल्ला प्रशासन कार्यालयले आवश्यक सहजीकरण गरिदिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम नामसारी, दाखिल खारेज तथा लगत कट्टा गर्ने कार्य जुनसुकै मितिमा सम्पन्न भए तापनि दफा ३४ को उपदफा (२) बमोजिम त्यस्तो जग्गाको स्वामित्व हस्तान्तरण भएको मितिदेखि नै त्यस्तो जग्गाको नामसारी, दाखिल खारेज तथा लगत कट्टा भएको मानिनेछ।

(५) यो ऐन प्रारम्भ हुनु पूर्व कुनै आयोगजनाको लागि जग्गा प्राप्ति भई सम्बन्धित आयोजनाको भोग चलनमा रहेको जग्गा त्यस्तो आयोजनाको नाममा दाखिल खारिज हुन बाँकी भएको भए तोकिए बमोजिमको प्रक्रिया पूरा गरी दाखिल खारेज गर्नु पर्नेछ।

36. <u>हस्तान्तरण हुनुभन्दा अघिको अवस्थालाई असर नपार्ने</u>: (१) यस ऐन बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था वा आयोजनाको नाममा कुनै जग्गाको स्वामित्व हस्तान्तरण हुनुभन्दा अघिल्लो दिनसम्म साविक जग्गाधनीले त्यस्तो जग्गामा प्रचलित कानून बमोजिम मालपोत तथा कर बापत कुनै रकम भुक्तानी गर्न बाँकी रहेको भए त्यसरी जग्गाको स्वामित्व हस्तान्तरण भएको कारणले मात्र साविक जग्गाधनीको दायित्व छुट भएको मानिने छैन र निजबाट बाँकी रहेको रकम असुल उपर गर्न वा त्यस सम्बन्धी कारबाही चलाउन बाधा पु-याएको मानिने छैन।

(२) मोहीयानी लागेको कुनै जग्गा प्राप्त गरिएकोमा साविक जग्गाधनीले तत्कालिन मोहीबाट त्यसरी जग्गा प्राप्त गर्नुभन्दा अघिका वक्यौता कूत असुल गर्ने कारबाही चलाउन यस ऐनले कुनै बाधा पुर्याएको मानिने छैन।

37. <u>जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नदी वा खोलाले एक्कासी आफ्नो प्रवाहको धार परिवर्तन गरेको वा बाढी, पहिरो, भूकम्प, ज्वालामुखी जस्ता विपद् परेको वा अन्य त्यस्तै कुनै असाधारण अवस्था उत्पन्न भएको कारणले यातायात, सञ्चारका साधन वा विद्युत उत्पादन, प्रसारण वा वितरणलाई तत्काल सञ्चालन गर्न, धनजनको व्यापक क्षति हुनबाट रोक्न, कुनै सार्वजनिक सम्पत्तिको संरक्षण गर्न वा सार्वजनिक विकास निर्माणको काम गर्न तत्काल कुनै जग्गा प्राप्त गर्नु पर्ने भएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले यस ऐन बमोजिम निर्धारण हुने क्षतिपूर्ति दिई त्यस्तो

जग्गा प्राप्त गर्नको लागि आवश्यक कारबाही चलाउन सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश दिइएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यसरी प्राप्त गर्नु पर्ने जग्गाका सम्बन्धमा दफा ३२ बमोजिम उल्लेख गर्नु पर्ने विषयमध्ये उपलव्ध भएसम्मका विवरण खुलाई सरोकारवाला व्यक्तिको जानकारीका लागि सूचना जारी गर्नेछ। त्यस्तो सूचना जारी गर्दा सरोकारवाला व्यक्तिले शिघ्र जानकारी पाउन सक्ने गरी प्रमुख जिल्ला अधिकारीले उपयुक्त ठहर्याएको प्रक्रिया अवलम्बन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना जारी भए पछि प्रमुख जिल्ला अधिकारीले जुनसुकै बखत त्यस्तो जग्गा नियन्त्रणमा लिई प्रयोग गर्न वा गराउन सक्नेछ। त्यसरी कुनै जग्गा प्रयोग गरे वा गराएमा त्यस्तो जग्गा यस ऐन बमोजिम नेपाल सरकारले प्राप्त गरेको र सोको स्वामित्व स्वतः नेपाल सरकारमा सरेको मानिनेछ।

(४) यस दफा बमोजिम जग्गा प्राप्त गर्दा जग्गामा लागेको बाली, फलफूल तथा रुख र त्यसमा बनेको घर, पर्खाल, आदि संरचना वा जडान गरिएको वस्तु समेत प्राप्त गर्नु पर्ने भएमा त्यस बापत समेत सम्बन्धित सरोकारवाला व्यक्तिले यस ऐन बमोजिम निर्धारण हुने क्षतिपूर्ति रकम पाउनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको विपद् वा असाधारण परिस्थिति अन्त्य भई वा त्यसको समाधान भई त्यस्तो जग्गाको उपयोग सार्वजनिक हितको लागि आवश्यक नभएमा नेपाल सरकारले त्यस्तो जग्गा सम्बन्धित जग्गाधनीलाई फिर्ता गर्न सक्नेछ।

तर त्यसरी जग्गा प्राप्त गरी उपयोग गरेको कारणबाट पर्न गएको हानि नोक्सानी बापत नेपाल सरकारले क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

38. <u>जग्गाधनीको मञ्जुरी भएमा रीत पुगेको मानिने</u>ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित जग्गाधनीको मञ्जुरीले कुनै जग्गा सार्वजनिक हितको कुनै कार्यमा लगाई सकेकोमा त्यस्तो जग्गा यस ऐन बमोजिमको कार्यविधि अवलम्बन नगरी प्राप्त गरिएको भए तापनि त्यस्तो जग्गाको क्षतिपूर्ति रकम यस ऐन बमोजिम वितरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति वितरण गरे पछि त्यस्तो जग्गा यस ऐन बमोजिम प्राप्त गरिएको मानिनेछ।

39. <u>उपयोग नहुने जग्गा पनि प्राप्त गर्ने</u>ः (१) यस ऐन बमोजिम जग्गा प्राप्त गर्दा जग्गाको केही भाग मात्र प्राप्त गर्न लागेकोमा बाँकी रहेको जग्गामा कानून बमोजिम घर निर्माण गर्न वा कित्ताकाट गर्न नसकिने भएमा बाँकी रहेको सम्पूर्ण जग्गा प्राप्त गर्ने गरी कारबाही हुन सम्बन्धित जग्गाधनीले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा क्षतिपूर्ति वितरण हुनु अघि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको व्यहोरा मनासिब देखिएमा जिल्ला प्रशासन कार्यालयले बाँकी रहेको त्यस्तो जग्गा समेत प्राप्त गर्ने गरी कारबाही चलाउनु पर्नेछ र त्यस्तो जग्गाको समेत क्षतिपूर्ति वितरण गर्नु पर्नेछ।

40. जग्गा प्राप्त नगर्न निर्णय गर्न सक्नेः (१) यस ऐन बमोजिम जग्गा प्राप्त गर्ने गरी कारबाही चलाएकोमा कुनै कारणवस जग्गा प्राप्त गर्न वाञ्छनीय वा आवश्यक नभएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले वा दफा ४ बमोजिमको जग्गा प्राप्तिको हकमा प्रदेश मन्त्रिपरिषद वा स्थानीय तहको कार्यपालिकाले कुनै पनि बखत जग्गा प्राप्ति नगर्ने गरी निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको निर्णय सरोकारवाला व्यक्तिको जानकारीका लागि प्रमुख जिल्ला अधिकारीले राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी दफा ३२ को उपदफा (२) बमोजिमका कार्यालय र स्थानमा टाँस गर्नु पर्नेछ।

41. क्षतिपूर्ति दिनुपर्नेः दफा ४० बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद् वा प्रदेश मन्त्रिपरिषद् वा स्थानीय तहको कार्यपालिकाले जग्गा प्राप्त नगर्ने निर्णय गरेमा समेत दफा १७ बमोजिम प्रारम्भिक कारबाही गर्दा भएको हानि नोक्सानी बापत प्रारम्भिक कारबाही चलाउने अधिकारीले सम्बन्धित जग्गाधनी वा सरोकारवाला व्यक्तिलाई क्षतिपूर्ति दिई नसकेको भए यस ऐन बमोजिम क्षतिपूर्ति निर्धारण गरी वितरण गर्नु पर्नेछ।

42. मालसामान नियन्त्रणमा लिनेः (१) यस ऐन बमोजिम कुनै जग्गामा लगाएका बाली, रूख, फलफूल तथा त्यसमा बनेका घर, पर्खाल आदि संरचना वा जडान गरिएको वस्तु उठाई लैजान पाउनेमा सम्बन्धित जग्गाधनी वा सरोकारवाला व्यक्तिले तोकिएको अवधिभित्र त्यस्तो संरचना, बाली, मालवस्तु आदि सङ्कलन गरी वा उठाई लैजान इन्कार गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो बाली, रुख, फलफूल, मालवस्तु वा संरचना आफ्नो नियन्त्रणमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिएका मालवस्तुमध्ये यथाशीघ्र व्यवस्थापन नगरेमा सढ्ने, गल्ने, कुहिने वा मूल्य घट्ने वस्तु बिक्री हुन सक्ने भए यथाशीघ्र बिक्री गरी त्यसबाट प्राप्त रकम सम्बन्धित जग्गाधनीको नाममा जिल्ला प्रशासन कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका मालवस्तु बाहेक अन्य वस्तु सम्बन्धित आयोजना कार्यालय वा वडा कार्यालयको जिम्मामा राख्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको रकम वा उपदफा (३) बमोजिमको मालवस्तु सम्बन्धित जग्गाधनी वा सरोकारवाला व्यक्तिले दफा ६६ बमोजिम क्षतिपूर्ति प्राप्त गर्दाका बखत वा उपदफा (१) बमोजिम नियन्त्रणमा लिएको मितिले पाँच वर्षभित्र जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधि व्यतित भएपछि त्यस्तो मालवस्तुमा सम्बन्धित जग्गाधनी वा सरोकारवाला व्यक्तिको कुनै दाबी लाग्ने छैन।

43. <u>स्वीकृति नलिई बनाईएका संरचना वा लगाएका बाली जफत हुने</u>ः (१) यस ऐन बमोजिम प्राप्त गरेका जग्गाको दफा ३४ बमोजिम सम्बन्धित निकाय, सार्वजनिक संस्था वा आयोजनामा हस्तान्तरण भएपछि सम्बन्धित आयोजना कार्यालयको लिखित स्वीकृति प्राप्त नगरी कसैले कुनै प्रकारको घर, टहरा, पर्खाल वा कुनै संरचना बनाउन वा त्यस्तो जग्गामा कुनै किसिमको वस्तु जडान गर्न वा जग्गा आवाद गर्न वा बाली लगाउन सक्ने छैन।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले त्यस्तो जग्गामा घर, टहरा, पर्खाल वा कुनै संरचना बनाएमा वा जडान गरेमा वा जग्गा आवाद गरेमा वा बाली लगाएमा त्यसरी बनाएको घर, टहरा, पर्खाल वा कुनै संरचना वा जडान गरिएको वस्तु वा लगाएको बाली आयोजना कार्यालयले हटाउन सक्नेछ र यसरी हटाए बापत त्यस्तो व्यक्तिलाई कुनै क्षतिपूर्ति दिनु पर्ने छैन। साथै त्यसरी हटाउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृति प्राप्त गरी लगाइएको बाली, फलफूल वा तरकारी सङ्कलन गर्न वा बनाइएको घर, टहरा, पर्खाल वा कुनै संरचना वा जडान गरिएको वस्तु सम्बन्धित जग्गाधनीले प्रयोग गर्न बाधा पर्ने छैन।

44. <u>जग्गा प्रयोग गरिसक्नुपर्ने अवधि</u>ः (१) यस ऐन बमोजिम नेपाल सरकार वा प्रदेश सरकार तथा स्थानीय तहको प्रयोजनको लागि प्राप्त गरिएको जग्गा जुन प्रयोजनको लागि प्राप्त गरिएको हो त्यस्तो प्रयोजन पूरा गरिसक्नु पर्ने मितिले दुई वर्षभित्र कार्यान्वयनमा ल्याई प्रयोग गरी सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रयोग गर्न नसकिएको वा आवश्यक नभएको जग्गा फिर्ता गर्न नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत तोकिए बमोजिम सम्बन्धित स्थानीय तहमा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचना प्रकाशन भएमा सम्बन्धित जग्गाधनीले त्यस्तो जग्गा फिर्ता लिन चाहेमा फिर्ता लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम जग्गा फिर्ता लिन चाहने व्यक्तिले तोकिए बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परी नेपाल सरकार, मन्त्रिपरिषद्ले वा प्रदेश मन्त्रिपरिषद वा स्थानीय तहको कार्यपालिकाले सम्बन्धित जग्गाधनीलाई त्यस्तो जग्गा फिर्ता गर्ने निर्णय गरेमा दफा ५१ बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले जग्गा फिर्ता गर्दाको बखत कायम गरेको मूल्य दाखिला गर्न लगाई नेपाल सरकार, मन्त्रिपरिषदले वा प्रदेश मन्त्रिपरिषद् वा स्थानीय तहको कार्यपालिकाले फिर्ता गर्नु पर्नेछ।

(६) उपदफा (४) वा (५) मा जुनसुकै करा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकार, मन्त्रिपरिषद् वा प्रदेश मन्त्रिपरिषद् वा स्थानीय तहको कार्यपालिकाले जग्गा फिर्ता गर्ने छैनः-

(क) उपदफा (४) बमोजिम निवेदन नपरेमा,

(ख) उपदफा (५) बमोजिमको मूल्य भुक्तान नगरेमा,

(ग) सरकारी वा सार्वजनिक निकायलाई आवश्यक पर्ने भएमा, वा

(घ) सार्वजनिक व्यवस्था (पब्लिक अर्डर) वा राष्ट्रिय सुरक्षाको कारणले त्यस्तो जग्गा फिर्ता गर्न उपयुक्त नदेखिएमा।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको अवधिभित्र प्रयोग नभएको जग्गा फिर्ता लिन सम्बन्धित जग्गाधनीले तोकिए बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदनको व्यहोरा मनासिब देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले उपदफा (५) बमोजिमको रकम भुक्तानी गरेको अवस्थामा त्यस्तो जग्गा सम्बन्धित जग्गाधनीलाई फिर्ता गर्न आदेश दिन सक्नेछ।

45. <u>अर्को आयोजना वा प्रयोजनको लागि जग्गा प्रयोग हुन नसक्ने</u>: (१) यस ऐन बमोजिम कुनै आयोजना वा प्रयोजनको लागि प्राप्त गरिएको जग्गा जुन आयोजना वा प्रयोजनको लागि प्राप्त गरिएको हो सोही आयोजना वा प्रयोजनको लागि प्रयोग नगरेमा वा प्रयोग हुन नसकेमा वा त्यस्तो आयोजना कार्यालयले नियत बस प्रयोग नगरेमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्व स्वीकृति बिना अर्को आयोजना वा प्रयोजनको लागि प्रयोग गरेमा वा अन्य कसैलाई हक हस्तान्तरण गरेमा त्यस्तो जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले जफत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जफत भएका जग्गाको क्षतिपूर्ति दाबी गर्न सकिने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित आयोजना कार्यालयले त्यस्तो जग्गामा अर्को आयोजना कार्यान्वयन गर्न वा आयोजनाको विस्तार गर्न बाधा पर्ने छैन।

46. <u>फिर्ता नभएका जग्गा बिक्री गर्न सकिने</u>: (१) दफा ४४ को उपदफा (३) बमोजिम फिर्ता गरिने जग्गा सम्बन्धित जग्गाधनीले फिर्ता लिन नचाहेमा वा निज फेला नपरेमा अरु कसैलाई बिक्री गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम जग्गा बिक्री गर्दा प्रचलित कानून बमोजिम लिलाम बढा बढ बाट बिक्री गर्नु पर्नेछ।

47. <u>विद्युत मार्गको अधिकार</u>: (१) कुनै आयोजना कार्यान्वयन गर्दा विद्युत प्रसारण गर्नु पर्ने भएमा त्यस्तो आयोजनालाई सरकारी, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै पनि व्यक्तिको जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्ने विद्युत मार्गको अधिकार (राइट अफ इलेक्ट्रिसिटी वे) हुनेछ।

(२) उपदफा (१) बमोजिम विद्युत मार्गको अधिकार प्रयोग गर्दा आयोजना कार्यालयले सम्भव भएसम्म सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्ने गरी आयोजनाको डिजाईन तथा कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विद्युत मार्गको अधिकार प्रयोग गर्दा उपदफा (२) बमोजिमको जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्न आर्थिक, वातावरणीय वा भौगर्भिक कारणबाट सम्भव नभई कुनै गुठी वा व्यक्तिको जग्गाबाट विस्तार गर्नु पर्ने भएमा सम्भव भएसम्म घर, घडेरी वा शहरी विकासमा प्रयोग हुन नसक्ने बाली, वन, फलफूल, उत्पादन वा पशुचरणमा प्रयोग हुने जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम विद्युत मार्गको लागि विद्युतीय खम्बा वा तार जडान वा प्रयोग गरी विद्युत प्रसारण लाइन विस्तार गर्दा सम्बन्धित जग्गाधनीलाई त्यस्तो जग्गामा मानव वा पशुको अवागमन गर्न, कुनै यान्त्रिक वा सवारी साधन चलाउन, कुनै किसिमको बाली लगाउन, त्यसको हेरचाह गर्न र त्यसबाट प्राप्त प्रतिफल सङ्कलन गर्न बाधा नपुग्ने गरी आयोजना कार्यालयले आवश्यक पर्याप्त सुरक्षाका उपायको व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम आयोजना कार्यालयले विद्युत प्रसारण लाइन विस्तार गरेकोमा सो प्रयोजनको लागि राखिएको वा उठाइएको खम्बा वा टावरको लागि प्रयोग भएको जग्गा बाहेक अन्य जग्गा प्राप्त गर्ने छैन।

(६) आयोजना कार्यालयले कुनै जग्गामा विद्युत मार्गको अधिकार प्रयोग गरे बापत तोकिए बमोजिम एकमुष्ट क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई प्रदान गर्नु पर्नेछ।

(७) आयोजना कार्यालयले यस दफा बमोजिम विद्युत मार्गको अधिकार प्रयोग गरेको कारणले मात्र त्यस्तो जग्गामा रहेको सम्बन्धित जग्गाधनीको हक, भोग र स्वामित्वमा कुनै असर पर्ने छैन र त्यस्तो जग्गा धितो, बन्धक दिन वा कुनै किसिमले बिक्री गर्न, अंशवण्डा गर्न, सट्टापट्टा गर्न वा कुनै किसिमको हक हस्तान्तरण गर्न बाधा पर्ने छैन।

तर त्यसरी धितो बन्धक दिएको वा हक हस्तान्तरण गरेको कारणले आयोजनाले यस दफा बमोजिम विद्युत मार्ग प्रयोग गर्ने अधिकारमा असर पर्ने छैन।

(८) विद्युत प्रशारण मार्गमा परेको जग्गामध्ये उक्त मार्गको उपयोगमा भएको बाहेकको जग्गाका सम्बन्धमा जग्गा धनीले छुट्टै कित्ता कायम गरी पाउन अनुरोध गरेमा प्रचलित कानून बमोजिम छुट्टै कित्ता कायम गर्न सकिनेछ।

परिच्छेद-८

<u>क्षतिपूर्ति</u>

48. <u>क्षतिपूर्ति दिनु पर्ने</u>ः (१) यस ऐन बमोजिम जग्गा प्राप्ति गर्दा सम्बन्धित जग्गाधनी वा सरोकारवाला व्यक्तिलाई सो बापत यस ऐन बमोजिम निर्धारण हुने क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा सार्वजनिक जग्गा प्रयोग गरेकोमा वा कसैले स्वेच्छाले कुनै आयोजना वा आयोजना कार्यालयलाई कुनै प्रयोजनको लागि

बकस, उपहार वा सामाजिक कार्य वा त्याग स्वरुप जग्गा दिएकोमा त्यस्तो जग्गाको क्षतिपूर्ति दिनु पर्ने छैन।

49. क्षतिपूर्ति व्यहोर्नु पर्नेः यस ऐन बमोजिम जग्गा प्राप्ति गर्दा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाको लागि जग्गा प्राप्ति गरिएको भए नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले र सार्वजनिक संस्थाबाट कार्यान्वयन हुने आयोजनाको लागि जग्गा प्राप्त गरिएको भए सम्बन्धित सार्वजनिक संस्थाले देहाय बमोजिमको क्षतिपूर्ति रकम व्यहोर्नु पर्नेछः-

(क) परिच्छेद-७ बमोजिम जग्गा प्राप्त गरेको कारणले सम्बन्धित जग्गाधनी वा सरोकारवालालाई दिनु पर्ने क्षतिपूर्ति, र

(ख) जग्गा प्राप्ति गरेको कारणबाट विस्थापित परिवारलाई पुनर्वास वा पुर्नस्थापना गर्ने योजना भए त्यस्तो योजना कार्यान्वयन गर्दा लाग्ने रकम।

50. क्षतिपूर्ति मनासिब र न्यायोचित हुनुपर्नेः (१) जग्गा प्राप्ति गर्दा जग्गाधनी वा सरोकारवाला व्यक्तिलाई दिइने क्षतिपूर्ति मनासिब र न्यायोचित हुनु पर्नेछ।

(२) यस परिच्छेद बमोजिम क्षतिपूर्ति निर्धारण गरी दफा ३३ बमोजिम जग्गा नियन्त्रणमा लिनु भन्दा अघि नै सम्बन्धित जग्गाधनी वा सरोकारवाला व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था भएमा वा परिच्छेद-९ बमोजिम पुर्नस्थापना वा पुनर्वास योजना कार्यान्वयन गरिएमा मनासिब र न्यायोचित क्षतिपूर्ति दिइएको मानिनेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि एकपटक कुनै जग्गा सार्वजनिक प्रयोजनको लागि प्रयोग भएकोमा सम्बन्धित जग्गाधनीले समर्पण गरेको मानिनेछ र त्यसरी समर्पण गरेकोमा जग्गा दिन मञ्जुरी नभएको वा क्षतिपूर्ति नपाएको भनी निज वा निजको हकवालाको कुनै किसिमको दाबी लाग्न सक्ने छैन।

51. क्षतिपूर्ति निर्धारण समितिः (१) जग्गा प्राप्ति गर्दा सो बापत दिइने क्षतिपूर्ति रकम निर्धारण गर्न एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित प्रमुख मालपोत अधिकृत वा मालपोत अधिकृत -सदस्य

(घ) सम्बन्धित प्रमुख नापि अधिकृत वा नापि अधिकृत -सदस्य

(ङ) सम्बन्धित आयोजना वा कार्यालय प्रमुख -सदस्य

(३) यस ऐन बमोजिम प्रदेश सरकारले प्राप्त गर्ने जग्गाको हकमा प्रदेशको सम्बन्धित मन्त्रालयले तोकेको अधिकृतस्तरको प्रतिनिधि उपदफा (२) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिको सदस्यको रुपमा रहनेछ।

(४) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको कर्मचारीले समितिको सचिवको रुपमा काम गर्नेछ।

(५) क्षतिपूर्ति निर्धारण समितिको बैठकमा अध्यक्षले सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।

(६) कुनै आयोजनाको लागि जग्गा प्राप्त गरिएको भए सम्बन्धित आयोजना कार्यालयको परिसरमा र अन्य अवस्थामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा समितिको सचिवालय रहनेछ।

(७) समितिले क्षतिपूर्ति रकम निर्धारण गर्नु अघि क्षतिपूर्तिको आधार, जग्गाको वर्गीकरण, मूल्याङ्कन पद्धति तय गरी पारदर्शिता सुनिश्चित गर्नु पर्नेछ।

(८) समितिले आवश्यक ठानेमा घर, जग्गा मूल्याङ्कन गर्न छोटो अवधिका लागि तोकिए बमोजिमको योग्यता पुगेको स्वतन्त्र मूल्याङ्कनकर्ता नियुक्त गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम मूल्याङ्कनकर्ता नियुक्ति गरेकोमा समितिले निजले गरेको मूल्याङ्कनको सिफारिस र राय समेतलाई विचार गरी जग्गाको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ।

(१०) समितिको बैठक सम्बन्धी कार्यविधि तथा क्षतिपूर्ति निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

52. क्षतिपूर्ति निर्धारण गर्ने विधिः (१) दफा ५१ बमोजिम समितिले क्षतिपूर्ति निर्धारण गर्दा देहायको वस्तुको अलग-अलग मूल्याङ्कन गरी निर्धारण गर्नु पर्नेछः-

(क) जग्गा भए जग्गाको प्रकृति र क्षेत्रफलको आधारमा कायम हुने मूल्य,
(ख) पक्की घर भए प्रति वर्ग मिटरको आधारमा कायम हुने मूल्य,
(ग) कच्ची घर वा गोठ, टहरा, छाप्रो भए तोकिए बमोजिमको आधारमा कायम हुने मूल्य,
(घ) हुर्की सकेका रुख, बाँस भए प्रत्येक रुखको किसिम, उपयोगिता, आकार र सङ्ख्याको आधारमा कायम हुने मूल्य,
(ङ) बागवानी वा फलफूल बगैंचा भए फलफूल उत्पादन गर्ने हुर्की सकेको फलफूलको बोटको सङ्ख्या तथा त्यस्तो फलफूलको लाभ, मूल्य वा उपयोगिताको आधारमा कायम हुने मूल्य,
(च) माछा पोखरी भए प्रत्येक पोखरी निर्माणको आधारमा कायम हुने मूल्य,
(छ) लगाइएको बाली भए त्यस्तो बाली जग्गाधनीले सङ्कलन गर्न सक्ने अवस्था नभएमा बालीको मूल्य,
(ज) क्षतिपूर्तिको मूल्याङ्कन हुनु पर्ने मूल्य खुली आएको अन्य कुनै चिज वा वस्तुको किटानी मूल्य।

(२) उपदफा (१) को खण्ड (घ) र (च) बमोजिमका वस्तु सम्बन्धित सरोकारवाला व्यक्ति आफैले लैजान चाहेमा त्यस्ता वस्तु सङ्कलन गर्न वा हटाउन लाग्ने खर्च रकम मात्र दिनु पर्नेछ।

53. क्षतिपूर्ति निर्धारण गर्ने आधारः (१) दफा ५२ बमोजिम घर वा जग्गाको क्षतिपूर्ति रकम निर्धारण गर्दा देहायको मूल्यको आधारमा निर्धारण गर्नु पर्नेछः-

(क) जग्गा रजिष्ट्रेशनको प्रयोजनको लागि निर्धारण भएको न्यूनतम मूल्य,

(ख) पक्की घर भए घर निर्माणको लागि प्रति वर्ग फिट मूल्यको आधारमा हुने मूल्य,

(ग) बैङ्क वा वित्तीय संस्थाले ऋण प्रवाह गर्ने प्रयोजनको लागि धितो मूल्याङ्कन गर्दा निर्धारण गरेको मूल्य,

(घ) सम्पत्ति करको लागि सम्बन्धित स्थानीय तहबाट निर्धारण भएको मूल्य,

(ङ) जुन ठाउँको जग्गा प्राप्त गर्न लागिएको हो सो ठाउँको जग्गा दफा ६ बमोजिम पूर्व सम्भाव्यता अध्ययन प्रारम्भ हुनु भन्दा एक वर्ष अघिदेखि पूर्व सम्भाव्यता अध्ययन प्रारम्भ भएको मितिसम्म खरिद बिक्री हुँदा रजिष्ट्रेशन पारित भएको लिखतमा उल्लिखित औसत मूल्य।

(२) क्षतिपूर्ति निर्धारण गर्दा उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम हुन आएको मूल्यको औषतको दोब्बर मूल्यसम्म कायम गरी क्षतिपूर्ति मूल्य यकिन गर्न सकिनेछ।

(३) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा जग्गा प्राप्त गरेको कारणले सम्बन्धित सरोकारवाला व्यक्तिले व्यहोर्नु पर्ने हानि नोक्सानी र आयोजना कार्यान्वयन गरेको कारणले प्राप्त गरेको वा गर्न सक्ने लाभलाई तुलना गरी मनासिब क्षतिपूर्ति रकम निर्धारण गर्नु पर्नेछ।

54. <u>क्षतिपूर्ति रकममा थप गर्न सकिने</u>: (१) यस परिच्छेद बमोजिम निर्धारित क्षतिपूर्ति रकममा देहायको अवस्थामा बढीमा पन्ध्र प्रतिशतसम्म थप रकम दिन सकिनेछः-

(क) जग्गाधनी वा सरोकारवाला व्यक्तिको सम्पूर्ण जग्गा प्राप्त गरिएको कारणले निज भूमिहीन भएको,

(ख) प्राप्त गरिएको जग्गामा सरोकारवाला व्यक्ति वा निजको एकाघरको परिवार बसोबास गरिरहेको र सो बाहेक निजको बसोबास गर्ने अन्यत्र घर, व्यवसाय वा आर्थिक उर्पाजनको माध्यम नरहेको,

(ग) प्राप्त गरिएको जग्गाबाटै सरोकारवाला व्यक्तिले आफ्नो वा एकाघरको परिवारको जीविका चलाईरहेको,

(घ) जग्गा प्राप्त गरेको कारणले प्रचलित कानून बमोजिम तोकिएका लोपोन्मुख जातिको परम्परागत पेशा व्यवसाय गुम्ने भई विस्थापित भएको, वा

(ङ) दफा ३७ बमोजिम विशेष अधिकार प्रयोग गरी जग्गा प्राप्त गरिएको।

(२) उपदफा (१) बमोजिम रकम थप गर्दा आयोजना प्रभावित परिवारको मुख्य व्यक्तिले सोही उपदफाको खण्ड (क), (ख), (ग), (घ) वा (ङ) मध्ये कुन खण्ड बमोजिमको अवस्था रहेको हो सोको पुष्टाई सहित त्यसको लिखित स्वघोषणा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम झुट्टा विवरण स्वघोषणा गरी कुनै व्यक्तिले यस दफा बमोजिम थप रकम सुविधा लिएको प्रमाणित भएमा निजबाट त्यसरी उपलब्ध गराइएको रकममा वार्षिक दश प्रतिशत ब्याज थप गरी हुन आउने रकम असुल उपर गरिनेछ।

55. क्षतिपूर्ति निर्धारण गर्नु पर्ने अवधिः (१) दफा ३३ बमोजिम जग्गामा प्रवेश गर्ने अधिकार प्राप्त भएको मितिले साठी दिनभित्र समितिले क्षतिपूर्ति निर्धारण गरिसक्नु पर्नेछ।

तर दफा ३७ बमोजिम विशेष अधिकार प्रयोग गरी जग्गा प्राप्त गर्दा यथाशीघ्र क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले क्षतिपूर्ति निर्धारण गर्दा क्षतिपूर्ति पाउने व्यक्तिको नामावली तयार गरी प्रत्येक व्यक्तिको क्षतिपूर्ति पाउने स्पष्ट आधार खुलाउनु पर्नेछ।

56. क्षतिपूर्ति रकम वितरणः (१) समितिले निर्धारण गरेको क्षतिपूर्ति रकमको विवरण र प्राप्त गर्ने सरोकारवाला व्यक्तिको नाम त्यस्तो रकम निर्धारण भएको चौबीस घण्टाभित्र सार्वजनिक गरी दफा १७ को उपदफा (१) बमोजिमको स्थानमा टाँस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण समितिले आयोजना कार्यालयको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विवरण सार्वजनिक भएको चौबीस घण्टा पछि आयोजना कार्यालयले दफा ६४ बमोजिम उजुरी परेकोमा बाहेक क्षतिपूर्ति रकम सम्बन्धित सरोकारवाला व्यक्तिलाई वितरण गर्नु पर्नेछ।

57. पूँजीगतलाभ कर छूट हुनेः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम क्षतिपूर्ति पाउने जग्गाधनी वा सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति बापत प्राप्त रकमको हकमा पूँजीगतलाभ कर (क्यापिटल गेन ट्याक्स) छुट हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पैत्रिक सम्पत्तिको हस्तान्तरण भई आएको जग्गामा बाहेक आयोजनाको दफा १७ बमोजिम प्रारम्भिक बारबाही सुरु भए पछि लिखत पारित गरी हक हस्तान्तरण भएको जग्गाको हकमा पूँजीगत लाभ कर छुट हुने छैन।

58. मोहीले क्षतिपूर्ति पाउनेः कुनै जग्गा प्राप्त गर्दा त्यस्तो जग्गामा प्रचलित कानून बमोजिम मोहीयानी हक पाउने दर्तावाल मोही रहेको भए त्यस्तो जग्गाको लागि दिईने क्षतिपूर्तिको रकमको पचास प्रतिशत मोहीले पाउनेछ।

तर जग्गाधनीको स्वीकृति लिई मोहीले बनाएको घर समेत प्राप्त गरिएकोमा त्यस्तो घर बापतको पूरै क्षतिपूर्ति निजले पाउनेछ।

59. गुठी जग्गाको क्षतिपूर्तिः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गुठी जग्गा प्राप्त गर्दा समेत यस ऐनमा व्यवस्था गरिए बमोजिम क्षतिपूर्ति निर्धारण गरी वितरण गर्नु पर्नेछ।

60. हदबन्दी भन्दा बढी भएको जग्गाको क्षतिपूर्तिः (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले हदबन्दीभन्दा बढी जग्गा राखेको रहेछ भने त्यस्तो व्यक्तिको हदबन्दीभन्दा बढी रहेको जग्गा यस ऐन बमोजिम प्राप्ति गरिएकोमा सो बापतको क्षतिपूर्ति दिइने छैन।

(२) उपदफा (१) बमोजिमको जग्गाको लागि छुट्याएको क्षतिपूर्ति रकम सङ्घीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रयोजनको लागि नेपाल सरकारले छुट दिई हदबन्दी भन्दा बढी जग्गा रहेको र त्यस्तो प्रयोजनको लागि जग्गा प्रयोग भइरहेको वा प्रयोजन कायम रहेकै बखत त्यस्तो जग्गा प्राप्त गर्नु परेमा यस ऐन बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

61. क्षतिपूर्ति रकम बैङ्क खातामा जम्मा गर्नु पर्नेः (१) जग्गा प्राप्ति गर्दा वितरण हुने क्षतिपूर्ति रकम सम्बन्धित सरोकारवाला व्यक्तिको नाममा खोलिएको बैङ्क खातामा जम्मा गरिदिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले सरकारी प्रयोजनको लागि प्राप्त गरेको जग्गाको क्षतिपूर्ति रकमको आधा रकमसम्मको लागि नेपाल सरकारले ऋणपत्र वितरण गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको ऋणपत्रको भुक्तानी अवधि र व्याजको दर तोकिए बमोजिम हुनेछ।

62. क्षतिपूर्तिबाट सरकारी बाँकी कट्टा गर्न सकिनेः (१) यस ऐन बमोजिम सरोकारवाला व्यक्तिले क्षतिपूर्ति लिनु अघि निजसँग मालपोत, कर वा अन्य कुनै सरकारी रकम असुल उपर गर्न बाँकी रहेछ भने असुल उपर हुन बाँकी रहेको रकम उल्लेख गरी स्वघोषणा गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम प्राप्त गरिएको जग्गाको क्षतिपूर्ति वितरण गर्दा सरोकारवाला व्यक्तिबाट कानून बमोजिम मालपोत, कर वा अन्य कुनै सरकारी रकम असुल उपर गर्न बाँकी रहेछ भने त्यसरी असुल उपर गर्न बाँकी रहेको रकम क्षतिपूर्तिबाट कट्टा गर्न सम्बन्धित अधिकारीले आयोजना प्रमुख वा जग्गा प्राप्ति गर्नका लागि दफा १६ बमोजिम तोकिएको अधिकारी समक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको स्वघोषणा वा उपदफा (२) बमोजिमको अनुरोधको आधारमा त्यस्तो सरोकारवाला व्यक्तिबाट असुल उपर गर्न बाँकी रहेको रकम जग्गा प्राप्ति गर्दा वितरण हुने क्षतिपूर्ति रकमबाट कट्टा गरी बाँकी रकम मात्र भुक्तानी गरिनेछ।

63. क्षतिपूर्ति पुनरावलोकन समितिः (१) समितिले निर्धारण गरेको क्षतिपूर्ति रकम पुनरावलोकन गर्न देहाय बमोजिमको एक क्षतिपूर्ति पुनरावलोकन समिति रहनेछः-

(क) सचिव, गृह मन्त्रालय -संयोजक
(ख) सहसचिव, आयोजनासँग सम्बन्धित मन्त्रालय -सदस्य
(ग) सहसचिव, महालेखा नियन्त्रकको कार्यालय -सदस्य

(२) पुनरावलोकन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) पुनरावलोकन समितिको सचिवालयको कार्य गृह मन्त्रालयको सम्बन्धित महाशाखाले गर्नेछ।

64. उजुर गर्न सकिनेः समितिले निर्धारण गरेको क्षतिपूर्ति रकममा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले क्षतिपूर्ति रकम निर्धारण भएको पन्ध्र दिनभित्र कारण खुलाई तोकिएको ढाँचामा पुनरावलोकन समितिमा उजुरी गर्न सक्नेछ।

65. उजुरी उपरको निर्णय सम्बन्धी कार्यविधिः (१) दफा ६४ बमोजिम उजुरी परेको एक्काइस दिनभित्र पुनरावलोकन समितिले क्षतिपूर्ति रकम पुनरावलोकन गर्नु पर्ने वा नपर्ने निर्णय गरी त्यसको जानकारी उजुरकर्तालाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकन समितिले क्षतिपूर्ति रकम पुनरावलोकन गर्नु पर्ने निर्णय गरेमा त्यसको कारण खुलाई पुनः क्षतिपूर्ति निर्धारण गर्न समितिमा लेखी पठाउनु पर्नेछ।

(३) दफा ६४ बमोजिम परेको उजुरीको सम्बन्धमा पुनरावलोकन समितिले निर्णय गर्दा सम्भव भएसम्म सर्वसम्मतबाट गर्नु पर्नेछ र त्यसरी सम्भव नभएमा बहुमतबाट गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम लेखी आएकोमा समितिले पन्ध्र दिनभित्र पुनः क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ र यसरी निर्धारण भए बमोजिमको क्षतिपूर्ति आयोजना कार्यालयले वितरण गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पुनः क्षतिपूर्ति निर्धारण भएपछि समितिले दफा ५६ को उपदफा (१) बमोजिम विवरण सार्वजनिक गरी टाँस गर्नु पर्नेछ।

(६) क्षतिपूर्ति रकमको पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

66. क्षतिपूर्ति बुझिलिनु पर्नेः (१) दफा ५६ को उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारण भएको व्यहोरा सार्वजनिक भएको साठी दिनभित्र सरोकारवाला व्यक्तिले क्षतिपूर्ति रकम बुझिलिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावलोकन समितिबाट क्षतिपूर्ति पुनरावलोकन भएकोमा दफा ६५ को उपदफा (५) बमोजिम विवरण सार्वजनिक भएको मितिबाट उपदफा (१) बमोजिमको अवधि कायम हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अवधिभित्र क्षतिपूर्ति रकम नबुझेको कारण जग्गा प्राप्ति गर्ने काम कारबाही रोकिने छैन।

(४) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र सरोकारवाला व्यक्तिले क्षतिपूर्ति बुझी नलिएमा वा बुझी लिन इन्कार गरेमा आयोजना कार्यालयले सोही व्यहोरा उल्लेख गरी क्षतिपूर्ति रकम नबुझ्ने वा बुझ्न इन्कार गर्ने सरोकारवाला व्यक्तिको नामावली र पाउने क्षतिपूर्ति रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको क्षतिपूर्ति रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयको धरौटी खातामा जम्मा गरिनेछ र सरोकारवाला व्यक्तिले पाँच वर्षभित्र बुझिलिन चाहेमा जुनसुकै बखत बुझिलिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र सरोकारवाला व्यक्तिले क्षतिपूर्ति नबुझेमा वा बुझी लिन इन्कार गरेमा त्यस्तो रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम सङ्घीय सञ्चित कोषमा दाखिला भएको रकम बुझी लिन चाहेमा सरोकारवाला व्यक्तिले आवश्यक प्रमाण सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत निवेदन दिनु पर्नेछ र त्यस्तो रकम तोकिए बमोजिम निजले पाउन सक्नेछ।

67. पुनरावलोकन समितिको निर्णय अन्तिम हुनेः यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६५ बमोजिम पुनरावलोकन समितिले गरेको निर्णय बमोजिम निर्धारण भएको क्षतिपूर्ति रकम अन्तिम हुनेछ।

68. क्षतिपूर्ति रकम वितरण नहुनेः (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा क्षतिपूर्ति वितरण गर्नु पर्ने छैनः-

(क) परिच्छेद-६ बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गरेकोमा,

तर दफा २६ बमोजिम क्षतिपूर्ति वितरण गर्ने गरी सम्झौता भएकोमा सोही बमोजिम वितरण गर्नु पर्नेछ।

(ख) दफा ७० बमोजिमको पुर्नस्थापना कार्यक्रमबाट लाभ पाउने सरोकारवाला व्यक्ति भएमा, वा

(ग) दफा ७३ बमोजिमको पुनर्वास कार्यक्रमबाट लाभ प्राप्त गर्ने सरोकारवाला व्यक्ति भएमा।

(२) उपदफा (१) को खण्ड (ख) वा (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सरोकारवाला व्यक्तिले दफा ७० वा ७३ बमोजिम पुर्नस्थापना वा पुनर्वास कार्यक्रमबाट प्राप्त गर्ने लाभ जग्गा प्राप्तिको कारणबाट निजले व्यहोर्ने नोक्सानीभन्दा कम हुने वा लाभ र नोक्सानीका अनुपात स्पष्ट रुपमा फरक हुने रहेछ भने फरक हुने हदसम्म पुर्नस्थापना वा पुनर्वास कार्यक्रमको लाभको अतिरिक्त यस परिच्छेद बमोजिमको क्षतिपूर्ति पाउन सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि समितिले तोकिएको आधारमा पुर्नस्थापना वा पुनर्वास कार्यक्रमबाट प्राप्त गर्ने लाभको मूल्याङ्कन गरी रकम निर्धारण गर्नु पर्नेछ।

69. सुरुङ्ग मार्गको लागि प्राप्त गरिएको जग्गाको क्षतिपूर्तिः (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सुरुङ्ग मार्ग निर्माणका लागि जग्गा प्राप्त गर्दा त्यस्तो मार्गको भूमिगत प्रवेश विन्दु (इन्ट्रि पोइन्ट) वा भूमिगत तहबाट निस्कने विन्दु (एक्जिट पोइन्ट) को निर्माणका लागि आवश्यक

जग्गा र तोकिए बमोजिम गहिराई वा भूमिगत लम्बाईसम्मको जग्गामात्र प्राप्त गर्नु पर्नेछ र सोही बमोजिम क्षतिपूर्ति निर्धारण गरी वितरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश विन्दु वा निस्कने विन्दुको निर्माणका लागि प्राप्त गरिएको जग्गाबाट भूमिगत रुपमा कुनै मार्ग खोल्दा वा संरचना निर्माण गर्दा जग्गा वा त्यसको सतहमा रहेका वा निर्माण भएका घर, टहरा, पर्खाल वा त्यस्तै अन्य संरचना वा जडान गरिएको वस्तु वा बाली, रुखमा कुनै किसिमको हानि नोक्सानी वा क्षति नपुग्ने गरी गर्नु पर्नेछ।

तर त्यसरी निर्माण गर्दा जग्गामा रहेका घर वा कुनै पनि अचल सम्पत्तिको हानि वा नोक्सानी भएमा त्यसको समेत क्षतिपूर्ति आयोजना कार्यालयले व्यहोर्नु पर्नेछ।

परिच्छेद-९

पुनर्स्थापना वा पुनर्वास कार्यक्रम

70. पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्नेः (१) पुर्नस्थापना कार्यक्रम कार्यान्वयन गर्ने गरी जग्गा प्राप्त गरिएकोमा आयोजना कार्यालयले त्यस्तो पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्दा देहायका सरोकारवाला व्यक्तिको हकमा कार्यान्वयन गर्न सकिनेछः-

(क) आयोजना प्रभावित क्षेत्रमा रहेको आफ्नो सम्पुर्ण अचल सम्पत्तिमध्ये कम्तीमा तीन चौथाई अचल सम्पत्ति प्राप्त गरेको कारणले घर, बास, खेती, व्यवसाय गुमाई विस्थापित भएका र नेपालभित्र अन्यत्र अचल सम्पत्ति नभएका,

(ख) आयोजना प्रभावित क्षेत्रमा जग्गा प्राप्त गरेको कारणले आफ्नो घर बास, खेती र परम्परागत व्यवसाय गुमाई विस्थापित लोपोन्मुख जातिको परिवारका व्यक्ति, वा

(ग) जुन प्राकृतिक स्रोतमा निर्भर रही आफ्नो परम्परागत पेशा वा व्यवसाय सञ्चालन गर्दै जीवन निर्वाह गरेको हो, त्यस्तो स्रोत प्रभावित भएको कारणले त्यस्तो पेशा वा व्यवसाय सञ्चालन गर्न नसक्ने अवस्थाका।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिच्छेद-८ बमोजिमको क्षतिपूर्ति प्राप्त गर्ने, पुर्नस्थापनाको सट्टामा दफा ६६ बमोजिमको क्षतिपूर्ति बुझी लिन समितिमा निवेदन दिने वा दफा ७३ बमोजिम पुनर्वास कार्यक्रममा सहभागी हुने सरोकारवाला व्यक्तिको लागि पुर्नस्थापना कार्यक्रम कार्यान्वयन गरिने छैन।

71. पुनर्स्थापना कार्यक्रमको लागि जग्गा व्यवस्था गर्नेः (१) दफा ७० बमोजिमको पुर्नस्थापना कार्यक्रम कार्यान्वयन गर्न आयोजना कार्यालयले सम्भव भएसम्म आयोजना प्रभावित क्षेत्रको आसपासमा सोही जिल्लामा वा त्यस्तो क्षेत्रसँग सीमा जोडिएको अर्को जिल्लामा वा नेपाल सरकारले निर्धारण गरेको ठाउँमा आवश्यक र उपयुक्त जग्गा खरिद गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा खरिद गर्न सम्भव नभएमा आयोजना कार्यालयले पुर्नस्थापना कार्यक्रम सञ्चालनको लागि जग्गा प्राप्त गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारसँग अनुरोध गर्न सक्नेछ।

72. पुनर्स्थापना गर्दा उपलब्ध गराउनु पर्ने संरचना र सुविधाः (१) आयोजना कार्यालयले पुर्नस्थापना कार्यक्रममा संलग्न हुने सरोकारवाला व्यक्तिलाई देहायका सुविधा र संरचना उपलब्ध गराउनु पर्नेछः-

(क) प्रत्येक सरोकारवाला व्यक्तिको परिवारलाई शौचालय, खानेपानी सुविधा सहित तोकिए बमोजिमको क्षेत्रफल भएको मानवोचित घर तथा त्यसको लागि तोकिए बमोजिम आवश्यक संरचना र सुविधा,

(ख) कम्तीमा छ महिनाको लागि जीविकोपार्जन गर्नको लागि सरोकारवाला व्यक्तिको परिवारको सदस्य सङ्ख्याको अनुपातमा आवश्यक खर्च,

(ग) आयोजनाको प्रकृतिबाट सम्भव भएमा आयोजना निर्माण अवधिका लागि सरोकारवाला व्यक्तिको परिवारका कम्तीमा एक जना सदस्यलाई निजको योग्यता अनुसारको रोजगारी,

(घ) विस्थापित सरोकारवाला व्यक्तिलाई विस्थापित भएको स्थान देखि खण्ड (क) बमोजिम उपलब्ध हुने घर भएको स्थानसम्म आफ्नो निजी मालसामान, पशुधन ढुवानी गर्नको लागि तोकिए बमोजिमको ढुवानी खर्च,

(ङ) कुनै व्यापार, व्यवसाय वा पेशा सञ्चालन गरिरहेका सरोकारवाला व्यक्ति भए आफ्नो व्यापार, पेशा वा व्यवसाय पुर्नस्थापना गर्न वा औजार, उपकरण खरिद गरी जडान गर्न एक पटकको लागि तोकिए बमोजिमको रकम,

(च) परम्परागत खेती गर्ने सरोकारवाला व्यक्ति भए निजले गुमाएको खेतीयोग्य जमिनको अनुपातमा खेती गर्न सकिने तोकिए बमोजिमको क्षेत्रफल भएको खेतीयोग्य जमिन वा सो बापतको क्षतिपूर्ति रकम,

(छ) पशु पालन गर्ने सरोकारवाला व्यक्तिको परिवार भए पशुधन खरिद गर्न चाहेमा तोकिए बमोजिमको सङ्ख्यामा पशुधन खरिद गर्न आवश्यक ऋण सुविधा, र

(ज) तोकिए बमोजिमको पुर्नस्थापना रकम।

(२) उपदफा (१) बमोजिम सुविधा र संरचनाको अतिरिक्त पुर्नस्थापना क्षेत्रमा देहायको सुविधा उपलब्ध गराउनु पर्नेछः-

(क) विद्युत सुविधा,

(ख) निजी वा सामुहिक प्रयोजनको खानेपानी सुविधा,

(ग) पुनर्स्थापना क्षेत्रमा आवागमनका लागि उपयुक्त सडक वा बाटो, र

(घ) पुनर्स्थापना क्षेत्रमा रहेका परिवारको सङ्ख्या विचार गरी विद्यालय, स्वास्थ्य चौकी र सामुदायिक स्थल वा सामुदायिक भवन।

(३) उपदफा (१) को खण्ड (क) र (च) बमोजिमको अचल सम्पत्ति विस्थापित परिवारको मुख्य व्यक्तिको नाममा रहने गरी जग्गाधनी प्रमाणपूर्जा दिनु पर्नेछ र त्यस्तो घर वा जग्गा खरिद गर्दा कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तूर आयोजना कार्यालयले व्यहोर्नु पर्नेछ।

73. पुनर्वास कार्यक्रमः (१) नेपाल सरकारले देहायको अवस्थामा जग्गा प्राप्तिको कारणबाट प्रभावित भएका परिवारको लागि सम्भव भएसम्म एकीकृत पुनर्वास कार्यक्रम कार्यान्वयन गर्न आदेश दिन सक्नेछः-

(क) जग्गा प्राप्तिको कारणबाट आयोजना प्रभावित क्षेत्रमा दुई सय भन्दा बढी सङ्ख्याको परिवारले स्वबासी घर गुमाई विस्थापित भएमा,

(ख) आयोजना प्रभावित क्षेत्रमा रहेका कम्तीमा एक सय परिवारले आफ्नो स्वबासी घर लगायत सम्पूर्ण अचल सम्पत्ति गुमाई विस्थापित भएमा,

(ग) कुनै सिँचाई वा जलविद्युत आयोजना कार्यान्वयन गरेको कारणले कुनै गाउँ, बस्तीको समुच्चा क्षेत्र डुबानमा परेमा वा पर्ने सम्भावना रहेमा,

(घ) आयोजना प्रभावित क्षेत्रमा रहेका लोपोन्मुख जातिका कम्तीमा पचास परिवारले आफ्नो स्वबासी घर, अचल सम्पत्ति तथा आफ्नो परम्परागत पेशा, व्यवसाय गुमाई विस्थापित भएमा, वा

(ङ) अन्य उपयुक्त कारणबाट पुनर्वास कार्यक्रम कार्यान्वयन गर्न उपयुक्त भएमा।

(२) उपदफा (१) बमोजिम आदेश भएमा आयोजना कार्यालयले पुनर्वास कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

74. पुनर्वास कार्यक्रमको लागि जग्गा तथा गुरु योजनाः (१) दफा ७३ बमोजिम पुनर्वास कार्यक्रम कार्यान्वयन गर्न आयोजना कार्यालयले नेपाल सरकारको स्वीकृति लिई उपयुक्त ठाउँमा आवश्यक जग्गाको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्था भएको जग्गामा आयोजना कार्यालयले यस परिच्छेद बमोजिम पुनर्वासको गुरुयोजना तयार गरी स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ।

75. पुनर्वास कार्यक्रममा रहनुपर्ने संरचना र सुविधाः दफा ७४ को उपदफा (२) बमोजिम पुनर्वास कार्यक्रमको गुरुयोजना तर्जुमा गर्दा देहायको न्यूनतम आधारभूत पूर्वाधार संरचना र सुविधा हुने गरी तर्जुमा गर्नु पर्नेछः-

(क) बाह्रै महिना यातायात सञ्चालन हुने नजिकको सडक सञ्जालसँग जोडिएको उपयुक्त सडकमार्गमा प्रवेश,

(ख) उपयुक्त ढल निकास र फोहोर मैला विसर्जन स्थल,

(ग) प्रत्येक परिवारलाई स्वच्छ खानेपानीमा पहुँच हुने गरी खानेपानीको प्रबन्ध,

(घ) पशुधनका लागि उपयुक्त खानेपानी सुविधा,

(ङ) हुलाक सुविधा तथा वाचनालय,

(च) ग्रामीण वा बजारस्तरका सहकारी संस्था वा सार्वजनिक पसल सञ्चालन हुने भौतिक संरचना,

(छ) बाली उत्पादन गर्ने जग्गा उपलब्ध गराएको भएमा त्यस्तो जग्गाको लागि आवश्यक सिँचाईको प्रबन्ध,

(ज) पुनर्वास कार्यक्रम अन्तर्गत व्यवस्थापन गरिएका परिवारको सङ्ख्याका आधारमा उपयुक्त हुने गरी पूर्वप्राथमिक आधारभूत तह वा माध्यमिक तह सम्मको विद्यालय भवन र विद्यालयका अन्य संरचना,

(झ) विद्युत प्रसारण हुन सक्ने अवस्था भए आवश्यकता अनुसार उपयुक्त ठाउँमा रहने सार्वजनिक वा सडक बत्ती सहित प्रत्येक घरमा विद्युत सुविधा,

(ञ) परिवार सङ्ख्याको आधारमा आवश्यक हेल्थपोष्ट वा सामुदायिक अस्पतालको भौतिक तथा अन्य सुविधा,

(ट) परिवार सङ्ख्याको अनुपातमा बालबालिकाको लागि आवश्यक क्रिडास्थल,

(ठ) प्रत्येक एक सय परिवारका लागि एक उपयुक्त सामुदायिक भवन,

(ड) परिवारको सङ्ख्याको अनुपातमा उपयुक्त ठाउँमा प्रहरी चौकी वा प्रहरी बिट, र

(ढ) परिवारको सामुदायिक संरचना अनुसार शव दाहन वा शव विसर्जन स्थल।

परिच्छेद-१०

कसूर, सजाय तथा मुद्दाको कारबाही र किनारा

76. कसूर तथा सजायः (१) कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ५ बमोजिम स्वीकृति नलिई जग्गा प्राप्ति सम्बन्धी कारबाही, प्रारम्भिक कारबाही, पूर्व सम्भाव्यता अध्ययन वा सामाजिक प्रभाव मूल्याङ्कन गरेमा,

(ख) दफा १५ विपरीत सार्वजनिक वा सरकारी जग्गा प्रयोग गरेमा,

(ग) दफा १७ को उपदफा (१) बमोजिम सूचना टाँस नगरी वा दफा १९ को उपदफा (१) बमोजिम सूचनाको अवधि पूरा नभई सम्बन्धित व्यक्तिको घर वा जग्गामा प्रवेश गरेमा,

(घ) दफा १७ को उपदफा (१) बमोजिम वा दफा ३२ को उपदफा (२) बमोजिम सूचना टाँस्न बाधा, अवरोध गरेमा वा टाँसिएको सूचना च्यातेमा, तोडमोड गरेमा वा टाँसिएको स्थानबाट कुनै तरिकाले झिकेमा वा हटाएमा,

(ङ) दफा ३२ को उपदफा (१) को खण्ड (ग) बमोजिमको अवधि पूरा हुनु अगावै सम्बन्धित सरोकारवाला व्यक्ति बाहेक अरुले बाली वा रुख काटेमा, त्यस्ता जग्गामा रहेका घर, पर्खाल आदि संरचना भत्काएमा वा जडान गरिएको वस्तु हटाएमा,

(च) दफा ३३ को प्रतिकूल हुने गरी जग्गामा प्रवेश गरेमा वा नियन्त्रणमा लिएमा,

(छ) दफा ३३ बमोजिम जग्गा नियन्त्रणमा लिन बाधा व्यवधान वा हुल हुज्जत गरेमा,

(ज) दफा ३४ को उपदफा (४) विपरीत जग्गा कब्जा, खिचोला वा अनधिकृत रुपमा भोगचलन गरेमा,

(झ) जग्गा प्राप्त गर्ने काममा हुल हुज्जत गरी बाधा व्यवधान गरेमा, पूर्व सम्भाव्यता अध्ययन, सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन वा प्रारम्भिक कारबाही वा सार्वजनिक सुनुवाईमा हातपात गरेमा वा हुल हुज्जत गरी बाधा व्यवधान गरेमा,

(ञ) पूर्व सम्भाव्यता अध्ययन, सामाजिक प्रभाव मूल्याङ्कन अध्ययन वा प्रारम्भिक कारबाहीको सिलसिलामा जडान वा खडा गरिएका चिन्ह, सङ्केत वा जडान गरिएको कुनै उपकरण वा यन्त्र तोडफोड गरेमा, वा

(ट) यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम गर्न नहुने अन्य कुनै काम गरेमा।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) खण्ड (क), (ख), (ग), (घ), (छ), (ज), (झ) वा (ञ) बमोजिमको कसूर भएमा पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि छ महिनासम्म कैद वा दुवै सजाय,

(ख) खण्ड (ङ), (च) वा (ट) बमोजिमको कसूर भएमा तीन हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखी तीन महिनासम्म कैद वा दुवै सजाय।

77. <u>नेपाल सरकार वादी हुने</u>ः दफा ७६ बमोजिमको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार बादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ।

78. <u>मुद्दा दायर गर्ने हदम्याद</u>ः यस ऐन अन्तर्गतको कुनै कसूरमा त्यस्तो कसूर भए गरेको मितिले तीस दिनभित्र मुद्दा दायर गर्नु पर्नेछ।

79. <u>मुद्दा हेर्ने अधिकारी र पुनरावेदन</u>ः (१) यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद-११
<u>विविध</u>

80. गुनासो व्यवस्थापनः (१) यस ऐन बमोजिम जग्गा प्राप्ति सम्बन्धी काम, कारबाहीको सिलसिलामा कुनै सरकारी निकाय, आयोजना कार्यालय वा सार्वजनिक संस्थाले सम्पादन गरेको वा गर्नु पर्ने कुनै काम कारबाहीको सम्बन्धमा कुनै गुनासो भएमा त्यस्तो गुनासो सुन्न सबैले देख्ने ठाउँमा त्यस्तो निकाय वा कार्यालयमा गुनासो सुन्ने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमाजिम प्राप्त भएका गुनासो तथा सुझाव मनासिब रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्न तोकिए बमोजिम कारबाही गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त गुनासोको सम्बन्धमा गरिएको कारबाहीको जानकारी सम्बन्धित व्यक्तिलाई गराउनु पर्नेछ।

(४) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

81. बाँकी जग्गा फुकुवा गरिदिनेः (१) यस ऐन बमोजिम आयोजनाको लागि प्राप्त गर्न रोक्का राखिएको कुनै जग्गा अयोजनाको लागि प्राप्ति गरी सकेपछि बाँकी रहेकोमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो जग्गा फुकुवा गरिदिन सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखिआएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो जग्गाको रोक्का फुकुवा गरी सोको जानकारी जिल्ला प्रशासन कार्यालय, अयोजना कार्यालय र सम्बन्धित जग्गाधनीलाई दिनु पर्नेछ।

82. नेपाल सरकारमा हस्तान्तरण हुनेः कुनै अनुमतिपत्र बमोजिम कुनै आयोजना कार्यान्वयन भएको निश्चित अवधि पछि प्रचलित कानून बमोजिम त्यस्तो आयोजना नेपाल सरकारलाई हस्तान्तरण हुने व्यवस्था भएकोमा त्यस्तो आयोजनाको लागि प्राप्त गरिएको जग्गा आयोजनाको अभिन्न अङ्ग हुनेछ र सोही बमोजिम त्यस्तो जग्गा समेत नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ।

83. लगत कट्टा वा नामसारी भएको मानिनेः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानून बमोजिम प्राप्त गरिएका जग्गाको लगत कट्टा वा नामसारी भएको रहेनछ भने यो ऐन प्रारम्भ भएपछि स्वतः त्यस्तो जग्गाको लगत कट्टा वा नामसारी भएको मानिनेछ।

84. सहयोग गर्नु पर्नेः (१) जग्गा प्राप्ति सम्बन्धी काम कारबाही गर्दा आयोजना कार्यालयले सुरक्षा कायम गर्न कुनै किसिमको सहयोग आवश्यक भएको महसुस गरेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहयोगको लागि अनुरोध गरेमा र प्रमुख जिल्ला अधिकारीले सार्वजनिक शान्ति वा कानून र व्यवस्था कायम गर्न सहयोग गर्नु पर्ने देखेमा सोको लागि आवश्यक व्यवस्था गर्नेछ।

85. नियम बनाउने अधिकारः यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

86. <u>निर्देशिका वा कार्यविधि बनाउने अधिकार</u>: आयोजनासँग सम्बन्धित मन्त्रालयले आयोजनाको प्रकृति र आवश्यकता अनुसार यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

87. <u>खारेजी र बचाउ</u>: (१) यो ऐन प्रारम्भ भएपछि देहायका ऐन खारेज गरिएका छन्:

(क) अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३

(ख) जग्गा प्राप्ति ऐन, २०३४

(२) अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ र जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ वा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिमको मुआब्जा निर्धारण समितिमा विचाराधीन विषय तथा दफा १८ बमोजिम नेपाल सरकार गृह मन्त्रालयमा परेका निर्णय हुन बाँकी उजुरीहरु क्रमशः यस ऐन बमोजिमको क्षतिपूर्ति निर्धारण समिति र क्षतिपूर्ति पुनरावलोकन समितिमा सर्नेछन्।